
सि.जि.प्र.द.न. १७ | जि.हु.द.न. २८
प्रो. राजन भुजेल | ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com

# सन्देश जनप्रिय

Sandesh Janapriya Weekly साप्ताहिक

आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली




यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्वन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ सामानहरु पाइनुका साथै पशुपति पेन्टस सुपथ मुल्यमा पाईन्छ।

❖ वर्षः- २१ ❖ अङ्कः- १२ ❖ २०८० आश्विन २४ गते बुधबार(11 Oct 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

## जनता फकाउँदै राजनैतिक दलहरु



**सिन्धुली**/ नेपालीहरुको महान चाड वडादशैं आइरहेका बेला प्रमुख प्रतिपक्षी दल नेकपा एमाले, सत्तारुढ दल नेपाली कांग्रेस र माओवादी केन्द्रले विभिन्न अभियानका नाममा संगठनात्मक गतिविधीलाई निरन्तरता दिएका छन् । पछिल्लो समय परम्परागत पुराना दलहरुसँग नागरिकको असन्तुष्टि बढिरहेका बेला उनीहरु आफुलाई बदल्ने आश्वासनसहित जनता फकाउन लागेका छन् ।

नेकपा एमालेले मिसन ग्रासरुट अभियानका नाममा जनताको दैलोमा पुगेपछि त्यसैलाई पछ्याउँदै माओवादी केन्द्रले विषेश रुपान्तरण अभियानको थालनी गर्‍यो भने नेपाली कांग्रेसले पनि माओवादी केन्द्रको पछि लाग्दै प्रशिक्षण लगायत जनतासँग जोडिने कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

मिसन ग्रासरुट अभियान सञ्चालन गरेर जनस्तरमा एमालेको अबस्थाका वारेमा ग्राउण्ड रिपोर्ट पत्ता लगाएपछि सोही तथ्यका आधार मा मिसन ८४ अभियान सञ्चालन गरिरहेको छ । यही अभियान अन्र्तगत एमालेले संगठनको भेला, सम्मेलन र सदस्यता वितरण जस्ता कार्यक्रमलाई महत्वका साथ अगाडि बढाईरहेको छ ।

पार्टीभित्र मौलाउँदै गएको व्यक्तिवादी समूह जसले पार्टीलाई कमजोर बनाएको निश्कर्षसहित जिल्ला जिल्लाको अबस्थालाई ध्यानमा राखेर गुटगत समस्या समाधन गर्ने प्रयत्न थालेको देखिएको छ । यसै बीच आउँदो असोज २७ गते सिन्धुली जिल्ला प्रतिनिधी परिषद सदस्यको बैठकमा एमालेका महासचिव शंकर पोखरेल सिन्धुली आउँदै हुनुहुन्छ । एमाले सिन्धुलीद्धारा आयोजित बैठकलाई सम्बोधन गर्नका लागि महासचिव पोखरेल सिन्धुली आउने कार्यसूचि बनिसकेको महासचिव पोखरेलको सचिवालयले उहाँ सोही दिन मध्यान्ह १२ बजे सिन्धुली आउने सन्देश जनप्रियलाई जानकारी दिएको छ ।

त्यसैगरी नेपाली कांग्रेस सिन्धुलीले जिल्लाका ९ वटै पालिकामा अभियान सञ्चालन गरिरहेको

## मिलेमतोमा कौडीको मूल्यमा ठेक्का !

**सुनकोशी**/ सिन्धुलीको सुनकोशी गाउँपालिकाले विगतमा ७ करोडमा लगाएको ठेक्का यस वर्ष ठेकेदारसँगको मिलेमतोमा १ करोड १८ लाखमा ठेक्का लगाएर अनियमितता गरेको आरोप लागेको छ ।

बागमती प्रदेशको करोडौं लगानीमा निर्माण गरिएको माछा पोखरी कौडीको मूल्यमा ठेक्का लगाएको



मण्डलले पालिका उपाध्यक्ष कपिल कोइरालालाई ज्ञापनपत्र ● बाँकी २ पेजमा

## दशैंको मुखमा बन्ध्याकरण !


**सिन्धुली**/ सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकामा १ सय ४० वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको छ । गाउँपालिकाले ३ दिने शिविरको आयोजना गरेर १ सय ४० वटा सामुदायिक(छाडा) कुकुरहरुको बन्ध्याकरण गरिएको हो ।

सामुदायिक (छाडा) कुकुरका कारण समस्या बढेपछि शिविर नै राखेर बन्ध्याकरण गरिएको गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाइवाले जानकारी दिनुभयो । कुकुरलाई रेबिजविरुद्ध खोप समेत लगाइएको छ ।

कुकुरलाई रेविज लागेका कारण अन्य मानिसका सर्ने त्रासका बढ्ने भएकाले कुकुरहरुलाई ● बाँकी २ पेजमा

## बिपी-पुष्पलाल पार्क चिल्ड्रेन पार्क बन्यो !

**सिन्धुली**/ जिल्ला सदरमुकाम स्थित बिपि पुष्पलालपार्क रातारात चिल्ड्रेन पार्कमा रुपान्तरण भएको छ । पार्कलाई आय आर्जनमा ल्याउने कमलामाई नगरपालिकाको योजना सँगै नेपालको प्रजातान्त्रिक आन्दोलनका अग्रजहरुको नाममा निर्माण गरिएको बिपि पुष्पलाल पार्कलाई ठेक्का लगाएसँगै रातारात चिल्ड्रेन पार्कमा रुपान्तरण भएको हो ।




सिन्धुलीमा क्रियाशिल राजनैतिक दलहरुका बीचको साझा सहमतिपछि कमलामाई नगरपालिकाले नेपालको प्रजातान्त्रिक आन्दोललनका नेताहरु बिपी र पुष्पलालको नामाकरण गरि शालिकसमेत अनाबरण गरिएको अबस्थामा अग्रजहरुको इतिहासनैं नभएको जसरी पार्कको नाम फेरेर न्यून रकममा ठेक्का लगाइएपछि त्यसको चौतर्फी आलोचना शुरु भएको छ । नगरपालिकाले नेताद्धय बिपी र पुष्पलालको नाममा रहेको पार्कलाई मनोरञ्जन गर्ने पार्कका रुपमा रुपान्तरण गरेपछि तत्कालिन नगरप्रमुख खड्गवहादुर खत्रीले आक्रोस् पोख्नु भएको छ । उहाँले सामाजिक सञ्जालमा लेख्नु भएको छः

**चिल्ड्रेन पार्क नाम राख्न उपयुक्त हुन्छ ?**

कमलामाइ नगरपालिका वडा नं ६ मा स्थापित, बिपि र पुष्पलाल स्मृति पार्क २०७४ सालमा निर्बाचित जन्प्रतिनिधीको पहलमा सर्बदलिय बैठक राखी, नेपाली राजनीतिका शिखर ब्यक्तिहरु बिशेश्वरप्रसाद कोइराला र पुष्पलाल श्रेष्ठको अर्धकदको सालिक राख्ने निर्णय सर्बसम्मतबाटनैं गरी कार्यपालिकाको बैठकको निर्णय बमोजिम सो ठाउँमा दुबै नेताको सालिक राखिएको र सो सालिकको अनावरण समेत गरिएको थियो ।

हाल आएर सो पार्कलाई चिल्ड्रेन पार्कको रुपमा साइन बोर्ड राखी ठेक्कामा समेत लगाएको समाचार सुन्दा दुःख लागेको छ । साथ साथै अचम्म लागेको छ । बालबालिका देशका कर्णाधार ● बाँकी २ पेजमा

## दौलतलाई अख्तियारको डण्डा

**सिन्धुली**/ बर्दिबासस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले सिन्धुलीको गोलन्जोर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, सिन्धुलीलाई पत्राचार गर्दै वडा नम्बर २ का अध्यक्ष दौलत कार्की र प्राविधिक इन्जिनियर धनबहादुर खत्रीसँग विविध कागजात उपलब्ध गराउन निर्देशन दिएको बिबरण सार्वजनिक भएको छ ।

वडाध्यक्ष कार्की तथा ● बाँकी २ पेजमा

## शुभ विजया

नेपालीहरुको महान पर्व वडा दशैं २०८० को पावन अबसरमा आदरणीय पाठक, लेखक, सहयोगी, शुभेच्छुक, बिज्ञापनदाता एवम् समस्त जिल्लावासीमा सुख, शान्ति र सम्वृद्धिको ***हार्दिक मंगलमय शुभकामना*** व्यक्त गर्दछौं ।

हाम्रो आगामी भेट
कात्तिक १५ गते बुधबार हुनेछ ।

## भक्कारो — राजेश मानन्धर




## सदाचारको संवाहक बनोस् बडादशैं

गुलेली
□ प्रेम दाहाल



मौलिक संस्कृति र परम्परामा नेपाली समाज विशिष्ट छ । यहाँका चाडबाड, धर्म, रीतिरिवाज र लोक परम्पराहरु समग्रमा नेपाली संस्कृतिका पहिचान हुन् । बडा दशैं नेपालीको प्रमुख चाड हो । आश्विन शुक्ल प्रतिपदादेखि दशमी सम्म अधिकांश नेपालीका घरघरमा शक्तिको आराधना गरी पूजा गरिन्छ । दशौं दिन अर्थात् दशमीका दिन मान्यजनका हातबाट टीका तथा प्रसाद ग्रहण गरिन्छ । पूर्णिमासम्म यो क्रम चल्छ । घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म १५ दिन दशैं मानिने भए पनि सुरुका नौं दिनलाई नवरात्रि र दसौं दिनलाई विजया दशमीका रूपमा मानिन्छ । दशैंलाई स्थान र परिवेश अनुसार बडादशैं, विजयादशमी, दशहरा, आयुध पूजाका नामबाट पनि मनाइन्छ । चैतशुक्ल प्रतिपदामा मनाइने अर्को दशैंको पनि नेपाली समाजमा विशेष महत्व र गरिमा छ । बडादशैंका अवसरमा गरिने नवदुर्गाको पूजालाई परम्पराको निरन्तरता भन्दा पनि यसले दिएको सन्देशलाई बोध गर्नुपर्ने आदर्श दशैंले व्यक्त गरेको छ । नारी शक्तिको आराधना र सम्मान गर्नुपर्ने मत नेपाली समाजमा परापूर्वकालदेखि स्थापित रहेकाले वर्तमान विश्वले महिला अधिकार, समान अवसर र सहभागिताका नारा लगाइरहँदा नेपाली संस्कृतिले त्योभन्दा माथि उठेर नारी शक्तिको आराधना र आत्मबोध गरेको पाइन्छ । यस सन्दर्भ ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ
९८४४०४१३५२
९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली



यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**सदाचारको........**

मा नेपाली संस्कृति कैयौं कदम अगाडि र फराकिलो पनि छ। दशैंमात्र होइन कुनै पनि पर्वले विशेष सन्देश दिएका हुन्छन्। घोषित रूपमा राम्रो लाइने, मीठो खाइने, मनोरञ्जन गरिने दशैंले अप्रत्यक्षतः पारिवारिक र राष्ट्रिय एकतालाई सुदृढ पार्दै आएको छ। सद्भाव, क्षमा, स्नेह, प्रेम, मेलमिलाप, सहिष्णुता र सत्यको विजय जस्ता सन्देश मानवकल्याणका अटुट स्रोत हुन् र वडादशैंको मुख्य सन्देश पनि हो।

यो पर्वले सबै नेपालीलाई एकताको सूत्रमा बाँधेर साझा उद्देश्यका लागि आपसी सहकार्यका लागि प्रेरणा दिनेछ। तडक भडक र अराजकतालाई दशैंले कुनै स्थान दिँदैन। आफ्नो गच्छेअनुसार दशैं मान्न सकिन्छ तर सामाजिक मूल्य, मान्यता, लोकपरम्परा, विश्वासमा आएका परिवर्तनसँग दशैंलगायत कुनै पनि चाड मनाउने तरिकामा भिन्नता आउनु स्वाभाविक हुन्छ। नेपाली मात्रको महान चाड दशैंका अवसरमा ग्रामीणदेखि राष्ट्रिय अर्थतन्त्र चलायमान हुन्छ। के स्वदेश, के परदेश शरीर वा मुटु घर पुगेको हुन्छ। कृषिप्रधान नेपालमा किसानले आफ्ना उत्पादन बिक्री गरी आवश्यकता अनुसार खरिद गर्ने मात्र होइन, यसबेला अन्नबाली थन्क्याएर सुखानुभूति गर्ने समय पनि हो । नेपाली समाजले इतिहासदेखि अवलम्बन गरेको बहुलवादका कारण आज दशैं तिहार, छठ वा लोसार नेपालीका साझा चाड भएका छन्। एकले अर्काको संस्कृतिलाई सम्मान गर्ने हाम्रो स्थापित परम्परा नैं नेपाली विशेषताको सहिष्णुता पनि हो। दशैंले नयाँ पुस्तालाई यही सन्देश दिँदै आएको छ।

राजनीतिक, सांस्कृतिक आस्थाको सम्मान गर्दै मुलुकको बृहत्तर विकासमा सबै नेपाली अटाउन सक्ने वातावरणमार्फत नेपालको रूपान्तरण यात्रामा सम्पूर्ण नेपालीको योगदान सुनिश्चित गर्नु वर्तमान पुस्ताको दायित्व ठहर्नेछ।

**बिपी .......**

हुन् । उनीहरुको मानसिक बिकास र शारीरिक बिकासका लागि हामी सचेतनैं थियौं । बालबालिकालाई खेल्नका लागि हामीले बिद्यालयहरुमै विभिन्न संघ सस्थाको सहयोगमा बाल मैत्री उद्यानहरु अधिकांश बिद्यालयमैं निर्माण गरिएको थियो । नगरपालिकाको मुटुमा रहेको स्थानमा सबैले सम्मान गर्ने, औपचारिक कार्यक्रमका लागि सम्झिने, माहान ब्यक्तीहरुको शालीक राखेर उहाँहरुकै नामको पार्क स्थापना गर्नु नगरपालिकाकै गौरवको बिषय हो । राष्ट्र निर्माणमा योगदान गरेका ब्यक्तीको योगदान उजागर गर्दै यस्ता पार्क अरु बनाउनु पर्नेमा, भएको पार्ककोसमेत अस्तित्व नामेट पार्ने लगेको देख्दा, मलाई आश्चर्य लागेको छ !

सर्बदलिय बैठक र नगर कार्यपालिकाको निर्णय गरेर बिपि-पुष्पलाल पार्क राख्नु गलत थियो त ? होइन भने उहाँहरु जस्तो महान ब्यक्तिको नामको पार्कमा किन यस्तो स्वार्थ पूर्ण खेलबाड ?

**मिलेमतोमा ........**

बुझाउँदै शिक्षक सरुवा भएको गलत क्रियाकलाप बन्द नगरे कठोर निर्णय गर्न आफुहरु बाध्य हुने भनिएको छ। निएका गलत काम कारबाही रोक्न आफ्नो तर्फबाट सक्रियता देखाउने एमाले नेताहरुलाई बताएका थिए। गाउँपालिकाले कौडीको मोलमा पालिकाको समन्वयमा ठेक्का लगाए पनि त्यसको चौतर्फी आलोचना हुन थालेको छ।

पालिकामा निरन्तर जनविरोधी काम हुन थालेपछि एमालेले सो गलत कार्यको भण्डाफोर गर्न थालेको युवा नेता कृष्ण मोक्तानले बताए । स्मरणीय छः सुनकोशी गाउँपालिकामा माओवादी केन्द्रले लामो समयदेखी सत्ता सञ्चालन गरिरहेको छ। -बिबेक लामा

**दशैं ........**

बन्ध्याकरण सुरु गरिएको गाउँपालिकाका अध्यक्ष बज्रधवज वाइवाले जनाकारी दिनुभयो। स्थानीय जातका कुकुरलाई हटाएर उन्नत जातका कुकुर पाल्नको लागि स्थानियलाई प्रात्साहन गरिने अध्यक्ष वाइवाले बताउनुभयो।

सामुदायिक कुकुरको संख्यामा कमी ल्याउन र रेबिजको प्रकोप न्यूनीकरण गर्न सामुदायिक कुकुरको बन्ध्याकरणका लागि शिविर सञ्चालन आवश्यक रहेको अध्यक्ष वाइवाले बताउनुभयो।

शिविरमा खटिएको विज्ञसहितको टोलीले गाउँपालिकाको टोल-टोलमा पुगेर कुकुरलाई नियन्त्रणमा लिई शिविर स्थलमा ल्याइ बन्ध्याकरण लगायत उपचार गरेपश्चात नियन्त्रण लिइएको स्थानमै छाड्ने गरेको उहाँको भनाइ छ।

अन्य पालिकाले पनि यसलाई साझा समस्या बनाएर समाधानमा अघि बढ्नुपर्ने केन्द्रिय रिफरल पशु चिकित्सालयका प्रमुख चिकित्सक टंक प्रसाद प्रसाईले बताउनु भयो। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सिन्धुलीको समन्वय, केन्द्रिय रिफरल पशु चिकित्सालय त्रिपुरेश्वर काठमानडौको प्राविधिक सहकार्य र पशु सेवा शाखा हरिहरपुरगढी गाउँपालिकाको आयोजनामा २१ गतेबाट २३ गते सम्म सामुदायिक कुकुरहरुको बन्ध्याकरण शिविर सन्चालन गरिएको थियो। ३ दिने शिविरको आज समापन गरिएको छ।

**दौलतलाई ........**

प्राविधिक ईन्जिनियर खत्रीको मिलेमतोमा भुकम्पले भत्काएको घरको पुनः निर्माणनै नगरी रकम निकाशा गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान कार्यलय बर्दिबासमा उजुरी परेपछि कार्कीमाथि अख्तियारले डण्डा बजाएको छ । उक्त उजुरी उपर प्रक्रिया अघि बढाउदैं अख्तियारले वास्तविकता के हो ?, राय प्रतिक्रिया सहित उजुरीमा उठान भएका मानिसहरुको नाममा कति किस्ता रकम निकासा भइसकेको छ ?, विवरण सहित निजहरु छनौट भई सिफारिश भएको कागजातहरुको प्रमाणित प्रतिलिपी तथा दोश्रो तथा अन्तिम किस्ता निकासा भइसकेको भए सो सँग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी र निर्माण भएको घरको रंगिन फोटाहरु समेत स्पष्ट रुपमा बुझिने गरी उपलब्ध गराउन भने पछि कार्कीलाई संकट आइपरेको हो।

माग गरिएको कागजात छुट्टाछुट्टै रुपमा पत्र प्राप्त भएको मितिले १५ दिन भित्र अख्तियार कार्यालयमा उपलब्ध गराउन भनिएको छ।

वडा नम्बर २ का स्थानीय यम बहादुर कार्की, पुरुष बहादुर नेपाली, मीन बहादुर नेपाली, दान बहादुर राना, देव बहादुर आलेमगर, भोज बहादुर श्रेष्ठ तथा रितिक बहादुर हमालको घरहरु २०७२ सालमा आएको भुकम्पमा परी क्षतिग्रस्त भई नेपाल सरकारको प्राविधिक टोलीबाट बनाउन सिफारिश भएको थियो । सातैजना भुकम्प पिडितले घर पुनःर्निमाणको लागी पहिलो किस्ताको रकम प्राप्त गरिसकेका र कुनै घर संरचनाहरु निर्माण नगरी वडा अध्यक्ष कार्कीको ठाडो निर्देशनमा दोश्रो तथा अन्तिम किस्ताको रकम निकासा गराएको थियो।

**दौलत .......**

छ। पार्टी र संगठन जिवन्त बनाउन र पार्टीका एजेण्डलाई बलियो बनाउन भन्दै राजनैतिक प्रशिक्षणहरु सञ्चालन गरिरहेको छ। दशैं अगाडि अर्थात असोज ३० गतेसम्म कांग्रेसले राजनैतिक प्रशिक्षणलाई जारी राखेको पार्टी सभापति उपेन्द्रकुमार पोखरेलले जानकारी दिए।


त्यस्तै माओवादी केन्द्रले पनि दशैं अगाडिसम्मको आफ्नो रुपान्तरण अभियान जारी राखेको छ । माओवादी केन्द्र सिन्धुलीका नेता पानिराज बम्जनका अनुसार पार्टीले सञ्चालन गरेको अभियान दशैंपछि पनि जारी रहने छ । जनस्तरमा पार्टी कमजोर बन्न थालेपछि माओवादी केन्द्रले जनसम्बन्धलाई बलियो बनाउन र आउँदो निर्वाचनमा आफ्नो पार्टीको अबस्थामा फेरबदल ल्याउन राजनैतिक गतिविधीलाई अगाडि बढाएको देखिएको हो।




## सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिन्धुली, बागमती प्रदेश**






# जनस्वास्थ्यमा लापरवाहीपछि छापामारी

**मरिण**/मरिण गाउँपालिका ६ धमिलेमा रहेको सिद्धि विनायक खाध्यान्न किराना सप्लायर्सले अवैधानिक तवरले चामल बिक्री गरेपछि कारबाही गरिएको छ।

बुधबार जिल्ला स्तरीय संयुक्त बजार अनुगमन टोलीले अनुगमन पश्चात् सप्लायर्सलाई कारबाही गरेको हो।

सप्लायर्समा असोज १४ गते मरिण गाउँपालिकाले गरेको अनुगमनमा अवैध ढङ्गले चामल बिक्री भएको भेटेपछि सप्लायर्स सिल गरेको मरिण गाउँपालिका उपाध्यक्ष विमला माझीले बताउनुभयो । बजार अनुगमनका क्रममा केही कमी कमजोरी देखिएपछि जिल्ला स्तरीय संयुक्त बजार अनुगमन टोलीलाई जानकारी गराएको उहाँको भनाई रहेको छ।

सप्लायर्समा गाउँपालिकाले लगाएको सिल खोली बुधबार संयुक्त टोलीले अनुगमन गर्दा चामल पुनः प्याक गरि बिक्री गर्ने गरेको भेटेपछि कारबाही गरेको हो।



लेवलिङ नभएको सोनामन्सुली लेखिएको चामललाई सप्लायर्सले इन्डिया नम्बर वान प्रिमियम राइस लेखिएको बोरामा प्याक गरि बजारमा बिक्री गर्ने गरेको पाइएपछि २ लाख ५० हजार रुपैंया जरिवाना गरिएको हो।

घरेलु कार्यालय सिन्धुलीका प्रमुख प्रवीण श्रेष्ठले चामलमा लेबल स्पष्ट नभएकाले ३२९ बोरा चामल सप्लार्यसले फिर्ता गर्ने र चामल रिप्याक गरेर बेच्ने तयारी गरेर राखेको पाइएकाले उक्त बोरा जफत गरिएको बताउनुभयो।

सप्लायर्सले प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ को दफा ६० (ज) अनुसार कसुर गरेको पाइएकोले सोही ऐनको दफा ६१ उपदफा १ (घ) २ बमोजिम दुई लाख पचास हजार जरिवाना गरिएको बताउनुभयो । अनुगमन टोलीले लेबल नभएको चामल फिर्ता गरी मरिण गाउँपालिका र घरेलु तथा साना उद्योग कार्यालयलाई जानकारी गराउन निर्देशन दिएको छ।

यसै गरी अनुगमनका क्रममा समृद्धि ट्रेडर्स नामक पसलमा लेबल नभएको २४ बोरा चामल भेटिएकोले उक्त चामल सम्बन्धित सप्लायर्सलाई फिर्ता गरी सोको जानकारी मरिण गाउँपालिका र घरेलु तथा साना उद्योग कार्यालयलाई जानकारी गराउन निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो । खरिद विल नभएकोले पन्ध्र हजार जरिवाना गरिएको छ।

हरिहरपुरगढि गाउँपालिका ४ मा सञ्चालित माझगाउँ जे.भि.एस. पोलिक्लिनिक इजाजत पत्र नलिई तथा सम्बन्धित निकायमा दर्ता नगरी संचालन गरेको पाइएकोले पसल बन्द र इजाजत पत्र लिएर मात्र संचालन गर्न निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो।

# भाइचाराको रमाइलो पर्व दशैं

□ दिपा भण्डारी



दशैंमा धर्ती छोड्न पिङ खेल्ने चलन छ। यसै गरी दशैंमा चंगा उडाउने प्रचलन पछि छ। घटस्थापनाको दिन जमरा छरेर टीकाको दिन जमरा लगाउने गरिन्छ।

सुरक्षा निकायमा पनि दशैंलाई शक्तिको प्रतीक मानेर धुमधामसँग यो चाड मनाइन्छ। देवीले दानवी शक्तिलाई परास्त गरेको पर्वका रुपमा मनाइने दशैंले हामीलाई गलत सोचाई त्याग्न, गैरकानूनी कार्यमा संलग्न नरहन, उच्च नैतिकताको पालना गर्न, सदाचार भित्र्याउन र सबै प्रकारका गलत प्रवृत्ति त्याग्न सन्देश दिने गर्दछ।

सञ्चारको माध्यमबाट नियाल्दा दशैंमा एकअर्काको उन्नति र प्रगतिसँग साक्षात्कार हुने र सामाजिक सञ्जाललगायतबाट सबैमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ । कैयौंले चियापान कार्यक्रमको आयोजना पनि गर्छन्। त्यसैले दशैंलाई नितान्त उल्लासका साथ मनाउनुपर्छ।

दशैं सौम्य र सदभावको पर्व हुनुपर्छ। यस पर्वमा राष्ट्रिय ढुकुटीको रकम फजुल खर्च गर्नु हुँदैन । हालका दिनमा राजनीतिक दलहरूले चियापानको कार्यक्रम आयोजना आयोजना गरेर एक आपसमा भाइचाराको सम्बन्ध स्थापित गरेकोमा खुशी मान्नुहुन्छ सिन्धुली क्याम्पसका प्राध्यापक सुरेश शर्मा।

यस पर्वले शक्तिको दुरुपयोग नगर्ने सन्देश प्रवाह गर्दछ । यस पर्वले धेरै क्षेत्रमा काम गर्न उत्प्रेरित गर्ने गरी देवीका धेरै हात देखिन्छ। यस पर्वका आध्यात्मिक र सामाजिक पक्ष स्वरुप शरीर र मनलाई शुद्ध बनाउने काम गरेको प्रतिनिधीसभा सदस्य रणकुमारी बलम्पाकी बताउँछिन्।

उनका अनुसार यस समयमा मदिरा उत्पादन रोक्नुका साथै आयात निषेध गर्नुपर्छ। साथै पटका पड्काउने र जुवातास नखेल्न नैतिक शिक्षामा जोड दिनुपर्छ।

त्यसैगरी दशैंलाई किसानले फुर्सदमा मनाउने पर्वका रुपमा लिनु पर्ने हुन्छ । साविकमा चैतमा मनाइने यस पर्वलाई वर्षातको अन्त्य र जाडो मौसमको आगमनसँगै मनाउन थालिएको हो । बाह्य रोजगारीमा गएका लाहुरेहरू घर फर्किने पर्व पनि दशैं नैं हो । दशैंबाट नयाँ कामको शुभारम्भ पनि गरिन्छ। कैयौंले दशैंबाट नयाँ दाम्पत्य जीवन पनि आरम्भ गर्छन्। यसरी आमनेपालीका लागि दशैं स्वर्णिम राष्ट्रिय पर्व हो। यसर्थ सबैमा दशैंको हार्दिक मंगलमय शुभकामना।


विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टलक बहादुर बुढाथोकी
प्रोपाइटर एवम्
कमलामाई नर्सरी प्रा.लि.
परिवार, धुराबजार, सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्णहरी घिमिरे
अध्यक्ष एवम्
शिक्षकहित बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोविन्द राउत
वडाध्यक्ष एवम्
तीनपाटन गाउँपालिका
वडा नं. १ परिवार, सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भुपालसिं तामाङ
वडाध्यक्ष एवम्
तीनपाटन गाउँपालिका
वडा नं. ५ परिवार, सिन्धुली



खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि

प्रदेशखबर www.epradeshkhabar.com

Email: sandeshjanapriya@gmail.com

**भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात**

## सम्पादकीय

# दशैं दशा नबनोस्

आकाशिएको बजार भाउ, गिर्दो अर्थतन्त्र र कुशासनको सेरोफोरोमा जकडिएर नेपालीहरुको घर आँगनमा दशैंको प्रवेश भएको छ। घरघरमा दशैं भित्रिएको छ, तर नागरिकको मनमा पटक्कै पर्वमय हुनसकेको छैन ।

आमजनमा असन्तुष्टि र निराशाले घर गरेको छ। त्यसको प्रमुख कारण बनेको छ- थामी नसक्नु महंगी र कालोबजारी । यस्तो अवस्थामा मनाउन लागिएको वडा दशैंले मुलुकको भविष्यका लागि सुखद संकेत पक्कै दिने छैन ।

आम नागरिकमा किन असन्तुष्टि र निराशा बढेको छ ? यसबारे जान्न तीन तहका सरकार-संसद र राज्य-संयन्त्रहरूका प्रस्तुति, कार्यसम्पादन र व्यवहार हेरे पुग्छ ।

डेढ वर्ष बिताइसकेका स्थानीय सरकारहरूको पहिलो वर्षको कार्यकाल हिजोका स्थानीय निकायभन्दा पनि कमजोर र फितलो बनेको अनूभूति हुन थालेको छ ।

तर, सही बाटो हिंडे ढिलै भए पनि गन्तव्यमा पुगिन्छ भन्ने आम सत्यबाट सरकार विमुख भएको देखिन्छ । र, तिनै तहका सरकार आफ्नो बाटो पहिल्याउन चुकेका छन् । परिणाम, आमनजरबाट सरकारको शिर गिरेको छ ।

नागरिकको जीउज्यान रक्षा र कानून व्यवस्थाको हविगत दर्शाउने दृष्टान्त पनि हो, हत्याको सजाय पाएकालाई आममाफी । यस्ता गंभीर प्रकरणबाट पाठ नसिक्नु मुलुककै 'दुर्भाग्य' हो ।


दशैं उत्सवका रूपमा मनाइने उल्लासको चाड हो । परिवार र नातागोतासँग रमाउने यो चाडसँग व्यक्ति-व्यक्ति र परिवार-परिवारको आर्थिक पक्ष पनि जोडिएको छ ।

आफ्नो मान्छेको प्राणपखेरु खोस्ने विरुद्ध कारबाहीका निम्तिसमेत न्यायालयको दैलो गुहार्नुपर्ने नियति कायम रहँदा कसरी पो आउला, सबै नेपालीमाझ दशैंको रमझम !

असत्यमाथि सत्यको जित-दशैंको परम्परागत विश्वास हो । यो धार्मिक र पारम्परिक आस्था र विश्वासको पर्वको अवसरमा सरकारले पनि बिराएको बाटो बदल्नु पर्छ । जनतामा चुलिंदो असन्तुष्टि र निराशाका मर्म नियाल्ने प्रयत्न गर्न सक्छ, जहाँबाट मुलुकको राजनीति जनअपेक्षासित जोडियोस्, जनतामा सुशासन प्रतिको आशा र राजनीतिप्रति भरोशा पैदा गराउन सकोस् । समग्रमा, मुलुकको समृद्धि-मार्ग कोर्न सकोस् ।

**बडा दशैं २०८० को शुभकामना !**

# दशैंमा खानेपानीको अभाब हुन्न: अध्यक्ष देवकोटा



अध्यक्ष देवकोटाले यस वर्ष आफुले ९१ वर्षीया आमाको हातबाट टिका लगाउने बताउनुभएको छ । दुई भाईको परिवार र चेसलवेटी एवम् आफन्तजनहरु सँगै बसेर टिका लगाउने आफ्नो योजना रहेको अध्यक्ष देवकोटाको सुनाउनु भएको थियो ।

त्यसैगरी खानेपानी संस्थाकी उपाध्यक्ष सारदा ढकाल, सचिव इन्द्र भुजेल र कोषाध्यक्ष कपिल कुमार श्रेष्ठले पनि मौलिक परम्परा अनुसार दशैं पर्व मनाउने बताउनुभयो । उहाँहरुले पनि खानेपानी आपूर्तिमा कुनै पनि समस्या आउन नदिनेगरी योजना बनाएको बताउनुभयो ।

जिल्ला सदरमुकाम सिन्धुलीमाढी र आसपासका वडाहरुमा स्वच्छ खानेपानीको आपूर्ति गरिरहेको सिद्धेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले वडा दशैं तथा तिहारमा खानेपानीको आपूर्तिमा समस्या हुन नदिने तयारी गरेको छ ।

दशैं तथा तिहारमा पानीको अत्याधिक प्रयोग हुने भएकाले संस्थाले आफ्ना प्राविधिकहरुलाई पर्व मनाउने क्रममा खानेपानी बितरणमा कुनै पनि बाधा व्यवधान नहुनेगरी कार्यतालिका मिलाएको थाहा लागेको छ ।

दशैं तथा तिहारमा जनसंख्या बढ्ने भएकाले पानीको आवश्यक मात्रै पानी प्रयोग गर्न अध्यक्ष घनश्याम देवकोटाले उपभोक्ताहरुमा अनुरोध गर्नुभएको छ। हामीले दशैं र तिहारमा खानेपानी वितरणमा कुनै पनि किसिमको समस्या पैदा नहोस् भनेर सचेतता सहित प्राविधिकहरुलाई आफ्नो जिम्मेवारीको विषयमा भनिरहेका छौं, त्यसैले पनि वाढी पहिरो नआए पर्वमा खानेपानीको समस्या आउने छैन ।

सन्देश जनप्रियसँगको कुराकानीमा

# झापा संघर्ष ब्यक्ति हत्या नै थियो त ?

□ शान्तिमान कार्की

**२०४६ सालको जनआन्दोलन पछि २०४८ सालमा सम्पन्न संसदीय चुनावमा भाग लिएर हारे पछि सुरु गरिएको जनयुद्ध केवल सनकको युद्ध थियो भन्ने कुरा घटना क्रमले प्रमाणित गरि सकेको छ । तर झापा संघर्ष पंचायती निरंकुशताले खडा गरेको बाध्यता थियो । १० बर्ष जनयुद्ध लडेको माओवादी केन्द्र र त्यसका सर्बोच्च नेता क.प्रचण्डले अहिले आएर संसदीय चुनावै लड्नु थियो भने जनयुद्धको नाममा यत्रो रक्तपातपूर्ण युद्ध के का लागि थियो ? देशलाई रगतको आहालमा किन डुबाउनु पर्दथ्यो त ? ०४६ सालको आन्दोलन पछि के को लागि हतियार उठाउने काम गरेको थियो माओवादीले ? जनयुद्ध सुरु गर्दाको प्रतिबद्धता पत्र, जनजिविका र राष्ट्रियता सम्बन्धी ४० सुत्रीय मागका के के बुदाहरु अहिलेको गणतन्त्रमा पूरा भयो त ? सब चिज त संसारले देखेकै छ नि, यहि बुर्जुवा गणतन्त्र हैन र ?**

माओवादी केन्द्रका केन्द्रीय सदस्य कमरेड कुमार पौडेलले झापा संघर्ष ब्यक्ति हत्या थियो र माओवादी जनयुद्ध समग्र युद्ध थियो भनेर लेख्नु भएछ । मैंले उहाँकै वालमा हिजो टिप्पणी गरेको थिएँ । त्यसैलाई आज लेखनमा भएको त्रुटीलाई केहि सच्याएर मुलभाव जस्ताको तस्तै पुन प्रेषित गरेको छु। के झापा संघर्ष ब्यक्ति हत्याकै लागि गरिएको थियो त ? पञ्चायती शासकहरुले भने जस्तै सुखानीका सहिदहरु उग्रवादी, आतंककारी नै थिए त? के क. मोहनचन्द्र अधिकारी ,क. सिपी मैनाली,क. राधाकृष्ण मैनाली,क.केपी ओली र क. पानवीर विश्वकर्माहरुले बिना उदेश्य नै ब्यक्तिगत रिसईवी साध्नकै लागि धर्मनाथ ढकाल, बुटन राजबंसी र माधब डोटेलहरुको हत्या गरेका थिए त? पंचायत निरंकुशता परस्त केसरजंग रायमाझीको गद्दारी पछि कम्युनिष्ट पार्टीमा उत्पन्न भएको गुटफुट , बिभाजनले पैदा गरेको चरम निराशाका बिचमा नक्सलबारी बिद्रोहका नेता क.चारु मजुमदारको प्रभावमा क.मनमोहन अधिकारी नेतृत्वको कोसी प्रान्तीय कमिटीबाट झापा जिल्ला कमिटीका बहुमत सदस्हरुले बिद्रोह गरेर वर्गशत्रु खत्तम गर्ने राजनीतिक लाईन पास गरेर नै झापा संघर्षको सुरुवात गरिएको इतिहासलाई ईन्कार गर्ने तपाई जस्तो राजनीतिक हैसयत भएको नेताले छि कति घिनलाग्दो कुरा गरेको कुमार कमरेड ? कम्युनिष्ट आन्दोलनलाई नया सिराबाट एकताबद्ध गर्ने माओवादी उद्घघोष त आजको माओवादी केन्द्रको अवसरवादी परिभाषामा मात्रै सिमित भएकै होत ?हिजो झापा संघर्षको इतिहासको कडि जोडेर माओवादीले जनयुद्ध सुरु गरेको भन्दै माओवादीले मनाउने गरेकोल सहिद सप्ताहको (फाल्गुण १४-२१) औचित्य समाप्त भएको हो ? अब चाहि सहिद सप्ताहको पुन: परिभाषा गर्नु पर्छ कि ? एमालेले मनाउने गरेको सुखानीमा सहिद भएका नेत्र घिमिरे, रामनाथ दाहाल वीरेन राजबंसी, कृष्ण कुईकेल र राम प्रसाद श्रेष्ठलाई हत्या गरिएको फाल्गुण २१ गतेको सहिद दिवसलाई २०५२ साल फाल्गुण १४ गते गोरखामा मारिएका दिल ब. रम्तेलको हत्या भएको दिनसँग जोडेर सहिद सप्ताह मनाउने माओवादीको असली चेहरा त झापा संघर्ष ब्यक्ति हत्या हो, भन्ने तपाईको भनाईलाई आधार मान्ने हो भने जनयुद्धका सर्बोच्च नेताहरुले आफुलाई सुरक्षित राख्न प्रयोगरेको आश्रय र भारतबाट तालिम प्राप्त गुरिल्ला र हातहतियार पनि त भारतीय संरक्षणमा भएको राष्ट्रघाती र विखण्डनकारी युद्ध हो भनेर एसडि मुनिको कथनलाई प्रमाणको रुपमा पेस गर्न सकिएला नि ?

२०४६ सालको जनआन्दोलन पछि २०४८ सालमा सम्पन्न संसदीय चुनावमा भाग लिएर हारे पछि सुरु गरिएको जनयुद्ध केवल सनकको युद्ध थियो भन्ने कुरा घटना क्रमले प्रमाणित गरि सकेको छ । तर झापा संघर्ष पंचायती निरंकुशताले खडा गरेको बाध्यता थियो।१० बर्ष जनयुद्ध लडेको माओवादी केन्द्र र त्यसका सर्बोच्च नेता क.प्रचण्डले अहिले आएर संसदीय चुनावै लड्नु थियो भने जनयुद्धको नाममा यत्रो रक्तपातपूर्ण युद्ध के का लागि थियो ? देशलाई रगतको आहालमा किन डुबाउनु पर्दथ्यो त ? ०४६ सालको आन्दोलन पछि के को लागि हतियार उठाउने काम गरेको थियो माओवादीले ?जनयुद्ध सुरु गर्दाको प्रतिबद्धता पत्र, जनजिविका र राष्ट्रियता सम्बन्धी ४० सुत्रीय मागका के के बुदाहरु अहिलेको गणतन्त्रमा पूरा भयो त ? सब चिज त संसारले देखेकै छ नि, यहि बुर्जुवा गणतन्त्र हैन र ? कमरेड, यसरी आफ्नै आङको छारो उडाउने काम बन्द गरौं । अहिले देशी विदेशी प्रतिक्रियावादी वर्गको लागि कांग्रेसको दुर्गन्धित स्वार्थको भरिया बनेर धेरै क्रान्तिकारी बन्ने ढोंग नगरौं ।

दु:खका साथ भन्नै पर्छ म एमाले, माले हुँदै जनयुद्धमा जानुको कारण यो श्रमजीवी वर्गको अगुवा पार्टीले सञ्चालन गरेको राष्ट्रिय जनवादी युद्ध हो भनेर आफ्नो उचो बनेको राजनीतिक करियर, घरपरिवार र जीवनको समेत प्रवाह नगरेर जनयुद्धमा होमिएका म जस्ता एमाले पृष्ठभूमिका नेता कार्यकर्ताहरुलाई माओवादी केन्द्रको जस्तो उपयोगवादी अवसरवादलाई धिकार्न मन लाग्छ । प्रचण्डकै प्रस्तावमा एमाले र माओवादी एकता भएर नेकपा (नेकपा) बने पछि त हामीले गरेको एमाले-माले हुँदै माओवादी बन्ने निर्णय प्रतिनैं ग्लानी र पश्चाताप हुन्छ। नेपाली कम्युनिष्ट आन्दोलनको टुटेका इतिहासका कडिलाई जोडेर लैजाने भन्ने तपाईंहरूको भ्रामक र अवसरवादी पाखण्ड प्रति अब उप्रान्त कोहि पनि सहमत हुन सक्दैनन् । त्यसैले एमालेबाट माओवादी बनेका नेता कार्यकर्ता मात्रै हैन ठुलाठुला, त्याग, तपस्या र बलिदान गरेका माओवादी जनयुद्धका पहलकर्ता नेता, कार्यकर्ताहरुसहित हजारौंको संख्यामा माओवादी छाडेर अहिले पनि निरन्तर एमालेसँग एकाकार हुदैछन्। माओवादीले आफ्नो अधिभुतवादी र अवसरवादी सारसंग्रहवादी दृष्टिकोणबाट इतिहासको अपब्याख्या गर्ने काम बन्द गर्नु पर्छ। नत्र माओवादी दन्तेकथाको डर लाग्दो दानव भन्दा बढि केही हुने छैन। बन्दुक बोक्दैमा, राजतन्त्र ढाल्दैमा कोहि पनि क्रान्तिकारी हुँदैन, बन्दुक त डाँकाले पनि बोक्छ, लडाइँ पनि लड्छ, माओवादीले हिजो लडेको कथा हालेर सधै ब्याज असुल्ने राजनीतिको सगरे खेती सिङरिङ्ग सुक्दै गएको देख्नु भएकै होला । आफैले पार्टी एकताको प्रस्ताव गरेर बनाएको नेकपालाई टुक्राटुक्रा पारेर फुटाउने प्रचण्डको दुष्प्रयासलाई इतिहासले अबस्यनैं उचित मुल्यांकन गर्ने छ ।

क. प्रचण्ड आज एमालेलाई सिध्याउन माओवादीलाई आतंककारी घोषणा गरेर टाउकोको मूल्य तोक्ने कांग्रेसको शेरबहादुर देउवा गुटलाई समर्थन गरेर जनयुद्धका सहिद , बेपत्ता,घाइते बनेका हजारौं जनताहरुको त्याग, बलिदान र वीरताको उपहास गर्ने काम भएको छ । के आजको अबस्थामा माओवादीको प्रमुख शत्रु एमाले नै हो त ? के कांग्रेस माओवादीको वर्गीय मित्रमा परिणत भएकै हो ? माओवादीले भोलिका दिनमा उपरोक्त यक्ष प्रश्नहरूको औचित्यपूर्ण जबाफ दिनैं पर्ने छ । नेपाली समाजको अहिलेको राजनीतिक शक्ति शन्तुलनको अवस्था र प्रधान अन्तरविरोध बारेमा माओवादीद्वारा गरिएको यस्तो गलत अभ्यास र परिभाषाले वर्ग संघर्षको सवालमा कम्युनिष्ट दृष्टिकोणमा आधारित नभएर भद्दा दक्षिणपन्थी अवसरवादको प्रतिनिधित्व गर्छ । कम्युनिष्ट आन्दोलनको समृद्धि र विकासमा लागेका भाविपिंढीले माओवादी केन्द्र र क.प्रचण्डको यस्तो कुकर्मलाई मार्क्सवाद प्रतिकै गद्दारी गर्ने रायमाझी कैं नयाँ अवतारको रुपमा परिभाषित नगर्लान् भन्न सकिन्न । हिजो चुनाव हार्ने डर, एमालेको विशाल जनमत सहितको संगठन कब्जा गर्ने र सत्तामा बसेर ब्रम्हलुट गर्ने निम्नपुँजिवादी क्षुद्र स्वार्थका लागि एमाले सँग पार्टी एकता गर्ने प्रचण्डलाई नेता मानेर एमालेलाई वर्गशत्रुको व्यवहार गर्ने तपाइहरुको घातक र पाखण्डी विचारधारा र व्यवहार मालेमावादको कुनचाही सिद्धान्त द्वारा परिभाषित हुन्छ ? यसको उत्तर तपाइहरुसँग छैन । शान्ति प्रकृयामा आएपछि अहिले सम्म माओवादी केन्द्रले कम्युनिष्ट आन्दोलनको विरुद्धमा वर्गशत्रुहरुलाईसबभन्दा अनुकुल,लाभदायक अवसरहरु प्रदान गरेको छ । तर याद रहोस् अवसरवादी गद्धारहरु अत्यन्तै दर्दनाक र बेइज्जतीपूर्ण रुपमा समाप्त भएको इतिहास छ, माओवादी पार्टीले आफ्नो गलत राजनीति र दृष्टिकोणलाई सच्याएर कम्युनिष्टहरु माझ सहकार्य र एकतागर्दै समाजवाद निर्माणको सहि दिशा तर्फ अग्रसर होस् भन्ने शुभकामना छ । (लेखक: नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य हुन् ।)

# दशैंमा गरौं जुवा, तास र मदिरा निषेध !

□ कृष्ण गौतम



**दशैंमा मदिरा सेवन गर्ने सबैले आफ्नो स्वास्थ्यको ख्याल गर्नुका साथै घर परिवार र समाजमा आफ्नो प्रतिष्ठाको मनन गर्नुपर्छ । मदिरा सेवनले शरीरमा गर्ने असर र यसले घरका केटाकेटीमा पार्ने प्रभाव दुवै अत्यन्त घातक छन् । यी सबै कुरा बुझेर पनि दशैंमा रमाउने निहुँमा, मासु पचाउने नाममा र साथीभाई जुटाउनका लागि मदिराको उपयोग गर्नु हुँदैन ।**

दशैंमा एकाथरि मानिसले खुशीयाली बनाउने नाममा मदिरा सेवन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ। यसलाई पूर्णत: निषेध गर्नुपर्छ। एकै पटक पुरै निषेध गर्न नसके पनि क्रमश: नियन्त्रण गर्दै जानुपर्छ । मानिसले मदिरालाई होइन मदिराले मानिसलाई आएकाले हाम्रै अगाडि सैयौं नागरिकले अनाहकमा ज्यान गुमाएका उदाहरणहरु छन् ।

तथापि दशैंमा मदिरा सेवन गर्ने सबैले आफ्नो स्वास्थ्यको ख्याल गर्नुका साथै घर परिवार र समाजमा आफ्नो प्रतिष्ठाको मनन गर्नुपर्छ । मदिरा सेवनले शरीरमा गर्ने असर र यसले घरका केटाकेटीमा पार्ने प्रभाव दुवै अत्यन्त घातक छन् । यी सबै कुरा बुझेर पनि दशैंमा रमाउने निहुँमा, मासु पचाउने नाममा र साथीभाई जुटाउनका लागि मदिराको उपयोग गर्नु हुँदैन ।

त्यसैगरी दशैंको विकृतिमा जुवातास खेल्ने, लंगुर बुर्जालगायतमा पैसा राख्ने गरिन्छ । यसलाई सबैले पूर्णत: निषेध गर्नुपर्छ । नेपालको कानूनले जुवा हान्न र तास खेल्न निषेध गरेको छ । यस समयमा प्रहरीहरू पनि विशेष सक्रिय हुने गर्दछन् ।

यसर्थ दशैंमा जुवा र तासको खालबाट जुवाडेहरू पक्राउ भन्ने समाचारसहित यस्तो महान पर्वमा प्रहरी खोरमा पुग्दा कति नमज्जा होला ? सबैले यसलाई गम्भीर र संवेदनशील विषयका रुपमा ग्रहण गर्नुपर्छ । हो, राणाकालमा दशैंमा सीमित अवधिका लागि कौडा खुल्ला गरिन्थ्यो । हाल यस्तो प्रचलन छैन । मौजुदा कानूनद्वारा बर्जित विषयमा कोही पनि सहभागी भएर दण्डित हुनु हुँदैन ।

# हामी सबैले यसरी मनाऔं दशैं

नेपालीको महान पर्व दशैं धुमधामसँग मनाउनु पर्छ । विशेष गरी नेपालीले निधारमा टीका र कान वा कपालमा जमरा लगाएर विश्वमै आफ्नो पहिचान देखाउँदै आएका छन् । समस्त नेपाली र विश्वभरिका हिन्दू धर्मावलम्बीलगायत सबैले कुनै न कुनै रुपमा यो पर्व मनाउन आरम्भ गरेका कारण यसको महिमा विश्वव्यापी रुपमा फैलिएको अनुभूति हुन्छ ।

'आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई' भन्ने कथन नेपालमा चलेको छ । यसर्थ दशैंको आर्थिक पाटोलाई नियाल्दा यसलाई 'घाँटी हेरी हाड निल्नुपर्छ' को सिद्धान्तबाट स्वीकार गर्नुपर्छ ।

'केटाकेटीले दशैं आयो, खाउँला पिउँला' भन्ने गित गाउने गरेका छन् । यसबाट दशैंमा मीठो खानेकुरा खाने पर्वको रुपमा पनि बुझिन्छ । दशैंमा नयाँ लुगा लगाइन्छ । घर लाई लिपपोत गरी नयाँ बनाइन्छ । सक्ने र आवश्यकता भएकाले दशैंमा नयाँ मोटर किन्छन् । यसरी दशैंमा अन्य समयको तुलनामा आर्थिक क्रियाकलाप दोब्बर वा तेब्बरले वृद्धि हुने गर्छ । यसर्थ आमव्यापारी

**□ डा. पियुष बराल**

**प्रत्येक व्यक्तिले आफ्नो शारीरिक अवस्था, पाचन शक्ति, सन्तुलित आहार सबै दृष्टिकोणले खानाको उपयोग गर्नुपर्छ । दशैं भन्दैमा जथाभावी रुपमा अर्जिण हुने गरी खानु हुँदैन । दशैंमा कोचीकोची खाँदा स्वास्थ्यमा समस्या हुन सक्छ, यसमा सबै चनाखो हुनुपर्छ ।**
**निकै वर्ष अघि हामी निकै गरीब थियौं । अधिकांशलाई वर्षभरि खान पुग्दैनथ्यो । कैयौंलाई बिहान खाएपछि साँझ के खाने भन्ने समस्या थियो । हाल पनि मुलुकमा गरीबी विद्यमान भए पनि असाध्यै गरीबी भने छैन । यसर्थ परम्परा थेग्ने नाममा विना परिश्रम दशैंको १५ दिन कोचीकोची खानु सर्वथा अवैज्ञानिक छ ।**

समुदायले पनि दशैंका बखत आम उपभोक्तालाई गुणस्तरीय मालवस्तु, सर्वसुलभ ढंगले उचित मूल्यमा उपलब्ध गराउनु पर्छ ।

दशैंमा नयाँ नोट प्रचलन गर्ने र दक्षिणामा नगद दिने गरिन्छ । यसरी नगद दिँदा खाममा राखेर नोट दिने र पाउनेले पनि नगदको संरक्षण गर्नुपर्छ । नोटमा अबिर वा पानी हाल्ने तथा जथाभावी ढंगले पट्याउनु हुँदैन । नोट निर्माणमा राष्ट्रको ढुकुटी खर्चिएको छ भन्ने बुझी त्यसको जतन गर्नुपर्छ ।

दशैंलाई खाने पर्वका रुपमा पनि बुझिन्छ । यस पर्वमा घरघरमा खसी, बोकाको मार हानिन्छ । चिउरा र चामलका नयाँ बोरा आउँछन् । सेलरोटी पकाइन्छ ।

तर, प्रत्येक व्यक्तिले आफ्नो शारीरिक अवस्था, पाचन शक्ति, सन्तुलित आहार सबै दृष्टिकोणले खानाको उपयोग गर्नुपर्छ । दशैं भन्दैमा जथाभावी रुपमा अर्जिण हुने गरी खानु हुँदैन । दशैंमा कोचीकोची खाँदा स्वास्थ्यमा समस्या हुन सक्छ, यसमा सबै चनाखो हुनुपर्छ ।

निकै वर्ष अघि हामी निकै गरीब थियौं । अधिकांशलाई वर्षभरि खान पुग्दैनथ्यो । कैयौंलाई बिहान खाएपछि साँझ के खाने भन्ने समस्या थियो । हाल पनि मुलुकमा गरीबी विद्यमान भए पनि असाध्यै गरीबी भने छैन । यसर्थ परम्परा थेग्ने नाममा विना परिश्रम दशैंको १५ दिन कोचीकोची खानु सर्वथा अवैज्ञानिक छ ।

नेपालीले दशैंमा जनावरको काटमार गर्ने प्रचलन चलाएका छन् । समयानुसार यसमा सुधार ल्याउनु पर्छ । धैरै अनुसन्धानले अधिक मासु खाँदा लाभ भन्दा हानि हुने देखाएका छन् । यसर्थ मासु खाँदा सन्तुलनको सिद्धान्त पालना गर्नुपर्छ ।

घरघरमा जनावरको बलि दिएपछि तिनको रक्ति, आन्द्राभुँडीलगायतको परिकार बनाएर खाँदा सफाइमा विशेष ध्यान दिनुपर्छ । साथै जनावर को रौं खौरिंदा होस् नपुऱ्याउँदा पनि मानिस बिरामी हुने गरेका छन् । यसर्थ रोग नलागेका जनावरको सुरक्षित मासुको सेवन गर्नुपर्छ । जनावरलाई स्लटर हाउसमा लैजानु पर्छ । शाकाहारी मानिसको संख्या पनि बढ्दै गएकाले तिनको भावनाको पनि कदर गर्नुपर्छ ।

# विरामी आमाको हातबाट टिका लाउँछु



**भरत पोखरेल**

मार्क्सवादले हामीलाई व्याख्या गर्न मात्र होइन, व्याख्या अनुसार बदल्न पनि सिकाएको छ । नेपालको कम्युनिष्ट आन्दोलन मात्र नभएर सामाजिक तथा साँस्कृतिक रुपान्तरण का सन्दर्भमा कुनै पनि चिजको व्याख्या बारम्बार हुने गरेको छ तर त्यसलाई बदल्ने सवालमा हामीहरुका बीचमा निकै नै कम प्रयत्नहरु हुने गरेका दृष्टान्तहरु छन् ।

यतिबेला हरेक नेपालीको घर आँगनमा बडादशैं प्रवेश गर्दैछ । महंगी र कालोबजारीले हरेक नेपाली लाई आतंकित मात्रै बनाएको छैन, बडादशैं कसरी मनाउने र आफ्ना लालावालाको आङकसरी ढाक्ने भन्ने चिन्ताले धैरै हुँदाखानेलाई सताइरहेको छ । त्यसैले सरकारले जनमुखी काम गर्नुको साटो निरन्तर जनविरोधी काममा ध्यान दिएका बेला आफुलाई बदलिंदो परिस्थिति र अबस्था सुहाउँदो चाडबाड मनाउन विगतको साँस्कृतिक परम्पारा वा आदर्शबाट होइन अहिलेको बस्तुगत अबस्था अनुसार दशैं हर्षोल्लासका साथ मनाऔं । अहिले सबैले यही कुरालाई अनुशरण गर्न जरुरी छ ।

असत्यमाथी सत्यको विजय हासिल भएको मान्यता र प्रतीकको रुपमा मनाइने हिन्दुहरुको विषेश महत्वको चाड विजया दशमी २०८० को पावन अवसरमा स्वदेश तथा विदेश मा रहनु भएका सम्पुर्ण नेपाली दिदिबहिनी तथा दाजुभाइहरुमा सुख-शान्ति र समृद्धिका लागि हार्दिक एवम् मंगलमय शुभकामना व्यक्त गर्दछु । यस पर्वले हामी सबै मा नयाँ उत्साह, जोश तथा जाँगर थप्दै "समृद्ध नेपाल, सुखी नेपाली" को साझा राष्ट्रिय संकल्प हाँसिल गर्न सहयोग पुग्ने विश्वासका साथ उत्तरोत्तर प्रगतिको शुभेच्छा पनि यसै शुभकामना संदेशमार्फत पठाउन चाहन्छु ।

मेरो जन्मभूमि र राजनीतिक रुपले क्रियाशिल भूगोल सिन्धुली हो । विगतका विजयदशमीहरुमा हामी सिन्धुलीमा हुन्थ्यौ । आफन्त र मान्यजनको हातबाट टीका ग्रहण गरिन्थ्यो । यसपटक ८४ वर्षीय वृद्धा आमा घरमा अस्वस्थ हुनुहुन्छ । त्यसैले यस वर्षको विजया दशमीमा काठमाडौं रहेर आमाको हातबाट टीका ग्रहण गर्नेछौं । त्यसपछि मान्यजन, आफन्त र इष्टमित्रसँग भेटघाट र टीका ग्रहणका निम्ति सपरिवार सिन्धुली फर्कनेछौं । बाकी रहेको बिदामा परिवारसहित केही स्थानहरुको भ्रमण पनि गर्नेछौं ।

साथै सिन्धुली बसाईका क्रममा पार्टीका नेता तथा कार्यकर्ताहरुसँग पार्टी र संगठनलाई बलियो बनाउने सन्दर्भमा कुराकानी गर्ने योजना पनि बनाएको छ । त्यसैले दशैंको सन्दर्भमा बढी व्यक्तिगत र थोरै भएपनि पार्टी र संगठन निर्माणका विषयमा हुने कुराकानीले सकारात्मक उर्जा प्रदान गर्ने विश्वास मैंले लिएको छु ।

**लेखक नेकपा एमालेका नेता हुनुहुन्छ ।**


विजया दशमी २०८०सालको
शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रण कुमारी बलम्पाकी
प्रतिनिधिसभा सदस्य
सिन्धुली



विजया दशमी २०८०सालको
शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिपक दाहाल
अध्यक्ष एवम्
सिन्धुली ट्रक व्यवसायी संघ
परिवार, सिन्धुली



विजया दशमी २०८०सालको
शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रमन प्रसाद फुयाल
प्रधानाध्यापक एवम्
कालिका माध्यमिक विद्यालय
परिवार, धमिले जरायोटार, सिन्धुली



सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन । सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं ।



- विषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली, फोन: ९८४४०९१९७७

# हरिप्रसाद गौतमको लघुकथा : दाउन

"आगाको आँच ठुलो भयो कि क्या हो बुढा ! रोटीको बाहिरी भाग त सबै डढ्यो नि ! आगो घटाउनुस् भो !" पहिलो सेलरोटी सहिद भएको देखेर नसलाले हातमा सिन्का समातेर कराईबाट रोटी निकाल्दै गरेका आफ्ना बुढालाई अह्राई ।

बुढाले निहुरेर रेगुलेटरतिर हात लम्काए र ग्यास घटाए ।

"यो त झन् गोलो आकारकै भएन ! सिन्काले मिलाउनू न !" दोस्रो रोटी पनि बिग्रिएपछि त नसला झन् सोचमा परी ।

"छ्या, यो त बिनाकामको टटरो पो भयो । आगाको आँच बढाउनुभो बुढा !" रोटीहरू सहिद हुने क्रम नरोकिएपछि नसला चिन्तित भई अनि रूद्री पूजामा व्यस्त पवित्रा दिदीलाई सोध्न गई ।

"दिदी ! पिठोमा के के हाल्नुभएको हो ?"

पवित्रा दिदीले पनि सम्झेजतिका कुरा सबै भनिन् । नसलालाई पनि आफ्नो सिप र सामाग्रीमा कुनै कुरा नपुगेको जस्तो लागेन ।

नसला भान्छातिरै फर्की र उनै सेल घुमाउने काममा लागी । तर, फेरि पनि उस्तै हालत भएपछि उसले बुढालाई अलिकति तेल थप्न भनी । तैपनि, कुनै सुधार आएन । रोटीहरूले बिचित्रका रूप धारण गरिरहे । एउटा रोटी पनि सेल रोटी भनेर देखाउन लायक भएनन् । आफूले पहिले पहिले पकाउँदा त यस्तो कहिल्यै भएको थिएन त्यसैले ऊ गहिरो सोचमा परी ।

गाउँमा आमाले रोटी पकाउँदा पनि कहिलेकाहीँ यसरी नै बिग्रेको सम्झी । बोक्सी लाग्दा पनि रोटी बिग्रन्छन् भन्दै आँखा फुटाउन भुङ्गोमा डल्ले खुर्सानी डढाएको कुरा पनि सम्झी । तर, सहरमा त आफूले चिनेकामध्ये कोही पनि गरिब, विधवा, असहाय थिएनन् त्यसैले बोक्सी हो कि जस्तो कोही पनि लागेन । तैपनि, कागजको टुक्रो बालेर एउटा सुकेको डल्ले खुर्सानी आगामा जलाई । त्यसलाई फाल्ने ठाउँ कतै भेटिन अनि हात धुने बेसिनमा लगेर भ्वाइँय्यँ पारेर बोक्सी बुझाई । भान्छामा धुवाँ र पिरोको खार लागेर बसिनसक्नु भयो ।

अब त कसो नबन्लान् र भन्दै फेरि रोटी पकाउन बसी तर केही पनि परिवर्तन भएन । निराशै-निराशाका बिचमा टटरा र टटरी रोटीको थुप्रो लाग्यो । उता पूजा पनि सकियो । जस्ता टटरा र डाम्ना भए पनि ती रोटीहरू तत् तत् ठाउँमा पुगे । पूजाको सबै काम सकियो । अफिस सकेर निम्तो मान्न भनी आएका पाहुनाहरू थपिए । त्यसैले, बेलुका फेरि अलिकति दिउँसो बाँकी रहेको पिठोमा थपथाप गरेर सेल पकाउने कुरा भयो । त्यतिबेला थपेको पिठोमा मिसाउने 'दाउन'का लागि घिउ खोज्दा पो थाहा भयो, दिउँसो सेल पकाउने बेला पिठोमा घिउको दाउन हालेर फाउन बिर्सिएको रहेछ ।

अहिले चाहिँ सोचेजस्तै राम्रा रोटी बने । ऊ आफैँले पकाएका रोटी देखेर नसला मखख परी । काम सकी । हात धुन बेसिनमा गई । त्यहाँ बेसिनमा अघि डढाएर फ्याँकिएको कागजको टुक्रो र आधा डढेको खुर्सानी थियो । तर उसका रोटी बिगार्ने कुनै बोक्सीका फुटेका आँखा भने कतै थिएनन् ।

## सातको कविता

### गरिबीको दशै तिहार



जगदिश्वर श्रेष्ठ

दशैं यतै तिहारमा चाहिँ आउने भाकोछु आमा
एक महिने लामो छुट्टी पाउने भाकोछु आमा
यसपाली त देउसी भैलो खेल्दै नाँच्ने धोको छहै
साथिसंगी भैलि भाका पनि गाउने भाकोछु आमा
दिदि नि खुसि होलिन्, भाइ आउने खबर सुन्दा
यसपाली साँच्चै भाइटिका लाउने भाकोछु आमा
बालाई मोबाइल किनेछु, भाइलाई एउटा घडी
हजुरलाई छिट्को गुन्यो ल्याउने भाकोछु आमा
गैरी खेतमा मार्सी धान लह लह झुल्दै होलान्
लेक र बेसी मेला पातमा धाने भएको छु आमा
मुटु भरी पिर छ आयो दशैं तिहार !
फुटेको यो तक्दिर छ, आमा !!
घर भौका लाला बाला, साहुको ऋण सम्झी!
येता मन अस्थिर छु आमा!!
दिन रात आत्मा बेच्दा, गुलाम बनी मैले !
झुकेको यो शिर छ, आमा
समाजको रिति थिती, आभन्तको डर अझै !
मान्नै पर्ने जन्जिर छ, आम!!
हुने खाने रमाउदा हर्ष खुसी उल्लासले !
हाम्लाइ तारे भिर छ, आमा !!
दशै आयो घरमा चुलो जल्दैन हामि गरिबको मा ।
साहुको घरमा जस्तै खसि ढल्दैन हामि गरिबको मा आमा
पुख देखि खोले अनि सिस्नु सँग साईनो छ रे,
मिठो मसिनो भन्ने कुरा चल्दैन हामि गरिबको मा आमा
वर्ष भरि कुटो अनि कोदालो सग खेल्दा पनि,
साहुको खेतमै धान फल्छ फल्दैन हामि गरिबको मा आमा
गर्भ गर्छु धन भन्दा मनका धनि बन्न पाउँदा,
एक मनले अर्को मन छल्दैन हामि गरिबकों मा आमा

### गजल



सुरेशकुमार पाण्डे

मन्त्री छन् हिजो उनै पनि चौकीदार थिए
कुनै /कुनै रोजगार बिनाका बेकार थिए

कहिले कस्को /कहिले कस्को काखामा
बिना पिँधका लोटा जस्तै बरकरार थिए

उनैलाई नै समाजवाद आएको छ देशमा
जो सिद्धान्तहीन र आफैँमा दोधार थिए

उनीहरू मखख छन् मन्त्री सभासद बनी
जो सधैँभरि पद लोलुप्ताका बिमार थिए

जौना वर्गको मुक्तिका लागि हिंड्यौं हामी
उस्तै छ अवस्था जो उत्पीडित मुहार थिए

अरे यार कुन सिद्धान्त बोकेर संसद् पुग्यौ
जो तिम्रै विरूद्धमा उठेका हतियार थिए।

विजया दशमी २०८०सालको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनेश अधिकारी
अध्यक्ष एवम्
ग्रामिण विकास समाज
परिवार, सिन्धुली

विजया दशमी २०८०सालको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ताराहरी पौडेल
प्रधानाध्यापक एवम्
ज्ञानोदय माध्यमिक विद्यालय
परिवार, भिरगाउँ, सिन्धुली

विजया दशमी २०८०सालको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
उज्वल कुमार थापा
वडाध्यक्ष एवम्
कमलामाई नगरपालिका
वडा नं. ६ परिवार, सिन्धुली

विजया दशमी २०८०सालको शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बासुदेव दाहाल
अध्यक्ष एवम्
साझा कृषि सहकारी संस्था लि.
परिवार, सिन्धुली

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।
कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली
पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# इस्लाम, भारत र रूसी क्रान्ति बीचको रहस्यमय लिङ्क

**एजेन्सी/** आफ्नो मातृभूमिबाट निर्वासित एक भारतीय क्रान्तिकारीले मुस्लिमहरूलाई अमेरिका, फ्रान्स वा बेलायतलाई विश्वास नगर्न आग्रह गरेसँगै समाजवाद र इस्लामको एकताको वकालत गरेकाछन् ।

गदर पार्टीका संस्थापक सदस्य मौलाना बरकतुल्लाह भोपाली, २० औं शताब्दीको प्रारम्भमा बेलायती शासनसँग लडिरहेका प्रवासी भारतीयहरूको समूह, कमरेड भ्लादिमिर लेनिनसँग रुसमा सोभियत सत्ताको पहिलो वर्षहरूमा कम्तिमा दुईवटा असाधारण भेटघाट गरेका थिए । यसले एक व्यक्तिको वैचारिक दृष्टिकोण परिवर्तन गऱ्यो जसले पहिलो विश्वयुद्ध सुरु हुनु अघि काबुलमा निर्वासनमा रहेको अस्थायी भारतीय सरकार स्थापना गरेको थियो, जसमध्ये उनी प्रधानमन्त्री थिए ।

रुसी क्रान्तिले मौलाना (सम्मानित धार्मिक नेताहरूका लागि प्रयोग हुने शब्द) लाई गहिरो प्रभाव पाऱ्यो र उनी पान-इस्लामवाद, साम्यवाद र भारतको स्वतन्त्रता संघर्षको महत्वपूर्ण बिचारक बन्न पुगे ।

उनले विश्वभरका मुस्लिमहरूलाई एकताबद्ध हुन र समाजवादलाई अँगाल्न आग्रह गरे, जुन विचार धारा उसले इस्लामिक विचार सँग मिल्दोजुल्दो थियो, र साम्राज्यवादलाई कुचल्ने एउटा आदर्श उपकरण पनि थियो ।

**एक दूरदर्शी क्रान्तिकारी को अल्पज्ञात कथा**

मौलानाको जन्म १८५९ (मोहद इरफान द्वारा उनको जीवनी अनुसार) वा १८६२ (काजी सैयद वाजदी-उल-हुसैनी द्वारा उनको जीवनी अनुसार), भोपालको मध्य भारतीय शहरमा, मौलवी शुजा तुल्लाहको लागी भएको थियो । उहाँ एक उज्ज्वल विद्यार्थी हुनुहुन्थ्यो र इस्लामिक धर्म शास्त्रको साथमा उर्दु, अरबी र फारसी भाषाहरू सिक्नुभयो । आफ्नो यात्राको क्रममा, उहाँले अंग्रेजी र जापानी सिक्नुभयो, जसले उहाँलाई व्यक्ति र उहाँका लेखहरू मार्फत मानिसहरूसँग सहज रूपमा जोड्न गर्न मद्दत गऱ्यो ।

भोपाली १८८० मा ब्रिटिश भारत छोड्न बाध्य भयो । उनी अन्तिम पटक जनवरी १८८३ मा भोपालमा देखिएका थिए र दुवै जीवनीकारहरूले अनुमान गरेका छन् कि उनी ब्रिटिश राजको क्रसहेयरमा एक प्यान-इस्लामीवादी शेख सैयद जमालुद्दीन अफगानीसँगको सम्बन्धका कारण समस्यामा परेका थिए । उनले अफगानीलाई बम्बई सम्म पछ्याएका थिए र इग्ल्याण्डसम्म पुगेका थिए । उनले आफ्नो बाँकी जीवन वर्ग, जाति र राष्ट्रियतालाई काटेर सह क्रान्तिकारीहरूलाई भेटेर बताए । उहाँ १८८० देखि १९०३ सम्म लिभरपूल र लन्डनमा बस्नुभयो, र त्यसपछि न्यूयोर्कमा स्थानान्तरण गर्नुभयो, जहाँ उनले ब्रिटिशलाई अझ स्वतन्त्र रूपमा लिन सक्थे । नेताजी एससी बोस जापान आउनुभन्दा धेरै अघि भोपालीले १९०९ देखि १९१४ सम्म टोकियो लाई आफ्नो घर बनाएको थिए । लन्डनमा हुँदा, भोपालीले ब्रिटिश नीतिहरूको आलोचना गर्ने लेखहरू र भाषणहरूको आलोचना सुरु गरे, र भारतका सँगी क्रान्तिकारीहरूसँग सम्पर्कमा र ह्यो । उनको कवि र राष्ट्रवादी नेता मौलाना हसरत मोहनीसँग विद्वान आदानप्रदान भयो, जसले "इन्कलाब जिन्दाबाद"को नारा घन्काए । यी पत्रहरूमा उनले स्वतन्त्रता संग्राममा हिन्दू-मुस्लिम एकताको आवश्यकतामा जोड दिएका थिए ।

जापानमा, उनले एउटा जर्नल, इस्लामिक फ्रेटरनिटी, र पछि एउटा पत्रिका, ईआई इस्लाम निकाले, जसलाई ब्रिटिश भारतमा प्रतिबन्ध लगाइएको थियो ।



जापानका सम्राटसँग उनको राम्रो सम्बन्ध भएता पनि उनको गतिविधिका कारण टोकियो विश्व विद्यालयमा उनको नियुक्ति सन् १९१४ मा समाप्त भयो ।

१ डिसेम्बर १९१५ मा, अफगानिस्तानमा राजा महेन्द्र प्रताप राष्ट्रपति, बरकतुल्लाह भोपाली प्रधानमन्त्री र मौलाना ओबेदुल्ला सिन्धी गृहमन्त्रीको रूपमा भारतको अस्थायी निर्वासित सरकार स्थापना भयो ।

भोपाली इन्डो-टर्की जर्मन मिसन अन्तर्गत ३ अक्टोबर १९१५ मा काबुल आइपुगेका थिए ।

प्रतिनिधिमण्डललाई शाही अतिथि गृहमा राखिएको थियो, तर सदस्यहरूलाई दुई महिनासम्म बाहिर निस्कन दिइएन ।

इरफानका अनुसार भोपालीले अफगानिस्तानका प्रधानमन्त्री सरदार नसरुल्लाह खानलाई पत्र पठाएका थिए । नसरुल्लाहले आफ्ना भाइ अमीर हबिबुल्लाह खानलाई प्रतिनिधिमण्डललाई भेट्न आग्रह गरे। बैठक राम्रै चल्यो । अमिरले भोपाली र प्रतापलाई छुट्टाछुट्टै भेटे र उनीहरूले भारतको अस्थायी सरकार गठनको बारेमा छलफल गरे । एक पटक यो गठन भएपछि, यो निर्णय गरियो कि जार निकोलस द्वितीयलाई भारतमा ब्रिटिश उपनिवेशवादीहरूलाई परास्त गर्न मद्दतको लागि पत्र पठाउनुपर्छ । जारप्रतिको सम्मान देखाउनको लागि पत्र सुनमा कुँदिएको थियो ।

जारले अवरोधहरू सिर्जना गरे र तिनीहरूको गोप्य योजनाहरू लीक गरे । बेलायतीहरूले अफगानिस्तान सरकारसँग विरोध दर्ता गरे । इरफानले २८ मार्च १९६६ मा प्रतापको पत्रलाई उद्धृत गरेः "अमिर हबिबुल्लाह निराश थिए र उनले बरकतुल्लाह भोपाली र राजा महेन्द्र प्रतापले १९१७ मा अफगानिस्तान छोड्न भने ।

सन् १९१९ को फेब्रुअरीमा अमीर हबिबुल्लाह खानको हत्यापछि उनका छोरा अमानुल्लाह खानले बेलायती शासकहरू विरुद्ध युद्धको घोषणा गरे । सोभियत रुसले अप्रत्यक्ष रूपमा यस युद्धमा अफगानिस्तानलाई सहयोग गऱ्यो र यससँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने पहिलो देश थियो । अमानुल्लाह खानले भोपाली पठाए र उनलाई रुसका लागि अफगानिस्तानको राजदूत नियुक्त गरे ।

**क्रान्तिकारी रूसमा भारतीय क्रान्तिकारी**

"तास्कन्दमा भारतीय स्वतन्त्रता सेनानीहरू(१९१८-१९२२)"नामक एक निबन्धमा, डिलोरोम करोमतले टिप्पणी गरे कि प्रताप र भोपाली नयाँ बोल्सेभिक सरकारसँग सम्पर्क स्थापित गर्ने भारतीय राष्ट्रवादीहरूको पहिलो समूह थिए ।

करोमतका अनुसार, "लेनिनले भारतीय स्वतन्त्रता सेनानीहरूलाई आकर्षित गरे किनभने उनका विचारहरूले भारतको स्वतन्त्रताको लागि बढ्दो आन्दोलनलाई धेरै प्रभाव पारेको थियो । लेनिनले मोहम्मद बरकतुल्लाह (जस्ता धेरै प्रख्यात भारतीय क्रान्तिकारीहरूसँग पत्राचार गरे र छलफल गरे र असहयोगका अभियानहरू बारे राम्ररी जानकारी पाए । लेनिनले भारतलाई एसियाको सबै भन्दा महान् राष्ट्रको रूपमा हेरेका थिए, जसले पूर्वमा साम्राज्यवादी औपनिवेशिक व्यवस्थाहरू विरुद्धको लडाइमा अग्रणी भूमिका खेल्नेछ ।"

मौलानाले २३ नोभेम्बर १९१८ मा पहिलो पटक लेनिनलाई भेटे । भारतीय जनताको तर्फबाट, उनले लेनिनलाई चन्दनको काठको हिँड्ने लठ्ठी दिए र भारतको स्वतन्त्रता संग्राममा लेनिनसँग सहयोग मागे । भोपालीले लेनिनलाई "द चम्किलो सूर्य" भने र पछि उहाँ र उहाँको दर्शनमा धेरै लेख लेखे ।

अखिल रुसी केन्द्रीय कार्यकारी समितिको बैठकमा आफ्नो भाषणमा उहाँले भन्नुभयो, "साथीहरू र भाइहरू, रुसी क्रान्तिका नेताहरू ! तपाईंले विश्वव्यापी प्रगति र सम्पूर्ण सर्वहारा वर्गको नाममा हासिल गर्नुभएको विजयको लागि भारत टाढाबाट आफ्नो शुभकामना पठाउँछ । रुसको महान् नियतिको अगाडि भारत झुकेको छ । भारतले प्रोभिडेन्सलाई प्रार्थना गर्दछ र बिन्ती गर्दछ कि तपाईंले सुरु गर्नुभएको कामलाई यसको निष्कर्षमा पुऱ्याउन र तपाईंको विचारहरू विश्वभर फैलाउनको लागि शक्ति पठाउनुहोस् । रुसमा भएको क्रान्तिले भारतीय जनताको मानसिकतामा गहिरो प्रभाव पारेको छ । इंग्ल्याण्डका सबै प्रयासका बावजुद राष्ट्रहरूको आत्मनिर्णयको नारा भारतमा घुसेको छ ।

इरिना अवचिनाले आफ्नो निबन्ध, "क्रान्तिकारी रूसका लागि भारतको पहिलो दूत" (द रुसी क्रान्ति र भारतमा), भारतका राजदूतहरूले नोभेम्बर १९१९मा लेनिनलाई भेटेका थिए, र ब्रिटिश गुप्तचरलाई फ्याँक्ने प्रयासमा झूटा नामहरू प्रयोग गरेको खुलासा गर्छिन् ।

२६ नोभेम्बर १९१८ मा इज्वेस्टियाले एक भारतीय प्रतिनिधिमण्डललाई अखिल-रूसी केन्द्रीय समितिका अध्यक्ष, याकोभ मिखाइलोविच स्वेर्डलोभलाई भेटेको र उनलाई भारतमा ब्रिटिश शासनको निन्दा गर्ने ज्ञापनपत्र प्रस्तुत गरेको समाचार रिपोर्ट गऱ्यो । उनीहरुले भारतको मुक्तिमा रुसका दाजुभाइले हामीलाई सहयोग गर्ने छन् भन्ने आशा राखेका छन् ।

भोपाली मार्च १९१९ मा तास्कन्द पुगे । करोमतले नोट गरे कि, स्थानीय अखबार, इश्ट्रोकुनका अनुसार, भोपालीले बुखाराका अमिरसँग पहिलो भेट गरे, जुन राजनीतिक रूपमा महत्वपूर्ण र गोप्य रूपमा हेरिएको थियो । सोही अखबारले उनको "एड्रेस टु ऑल मुस्लिम अफ एसिया" (२२ मार्च १९१९), साथै "बोल्शेभिक विचार र इस्लामिक गणतन्त्र" ( १४ अप्रिल १९१९) प्रकाशित भयो । जुन कुराले इस्लाम, भारत र रुसी क्रान्तिलाई जोड्ने काम गरेको थियो ।


विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डा. हरी पोखरेल
अध्यक्ष एवम्
नेपाल राष्ट्रिय शिक्षक संगठन
परिवार, सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भिमवहादुर गुर्मछान
वडाध्यक्ष एवम्
कमलामाई नगरपालिका
वडा नं. १२ परिवार, सिन्धुली

# ‘पशुपति प्रसाद २- मा ‘भष्मे डन’को शक्ति संघर्षको कथा

दीपेन्द्र. के खनाल निर्देशित फिल्म ‘ पशुपति प्रसाद २- भष्मे डन’को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार ललितपुरस्थित लबिम मलमा एक कार्यक्रमकाबीच फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो । ट्रेलरले फिल्मको मुख्य पात्र ‘भष्मे डन’को जीवनमा आइपर्ने विभिन्न घटनाक्रम समेटेको छ । फिल्मका सबै प्रमुख कलाकारले स्थान पाउको ट्रेलरमा भष्मे डनले आत्मसम्मानको लागि गर्ने शक्ति सङ्घर्षको कथामा समेत देखाएको छ । ट्रेलर हेर्दा पशुपति क्षेत्रमा कब्जा जमाएर बसेको भष्मे डनलाई सौगात मल्लको पात्रको चरित्रसँग चुनौतीको रुपमा आएको अनुमान गर्न सकिन्छ। ट्रेलरले फिल्म प्रति दर्शकमा रहेको कौतुहल्तामा झन् बढवा दिएको छ । अगामी कार्तिक ४ गतेबाट सार्वजनिक प्रदर्शन मा आउने फिल्ममा विपिन कार्की, सौगात मल्ल, स्वस्तिमा खड्का, र वीन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल लगायतको अभिनय छ। अभिनेता तथा निर्माता खगेन्द्र लामिछाने र अभिनेत्री वर्षा सिवाकोटी पनि फिलममा विशेष भूमिकामा देखिनेछन् । टुकी आर्ट्स को ब्यानरमा निर्माण भएको फिल्म लाई निर्माता तथा अभिनेता खगेन्द्र लामिछानेले लेखेका हुन् । नीरज कँडेलको डिओपी, कृष्ण थापाको छायाङ्कन, दीर्घ खड्काको सम्पादन, कृष्ण भारद्वाजको सङ्गीत फिल्ममा छ। व्यावसायिक तथा समीक्षात्मक रूपमा सफल फिल्म ‘पशुपति प्रसाद’को चर्चित चरित्र ‘भष्मे डन’ मा रहेर यो फिल्म निर्माण भएको हो । कार्यक्रममा फिल्मका लेखक लामिछानेले फिल्मको नाम मात्रको सिक्वेल नभई अर्थपूर्ण र तर्कपूर्ण सिक्वेल बनेको बताए । उनले फिल्मले राम्रो व्यवसाय गर्ने अपेक्षा गरेको धारणा राखे ।

अभिनेता विपिन कार्कीले ‘पशुपति प्रसाद २- भष्मे डन’ फिल्म मात्र नभएर आफ्नो परिचय समेत भएको बताए । उनले यो फिल्म अभिनय अनुभव सबैभन्दा बेग्लै रहेको सुनाए ।

अभिनेत्री स्वस्तिमा खड्काले फिल्म मा आफ्नो दुर्गामाताको अवतारको भूमिका रहेको बताइन् । ‘अभिनेता विपिन कार्कीसँग काम गर्ने आफ्नो सपना फिल्मले पुरा गऱ्यो’, उनले भनिन् ‘फिल्मबाट धेरै सिक्ने र नयाँ काम गर्ने अवसर मिल्यो ।’

निर्देशक दीपेन्द्र के. खनालले ‘ पशुपति प्रसाद २- भष्मे डन’मा पनि ‘पशुपति प्रसाद’को संवेदन जस्ताको तस्तै राखिएको बताए । ७ वर्षपछि फिल्मको सिक्वेल ल्याएपनि भष्मेडन र फिल्मको संवेदन पहिले झैं दर्शकले पाउने उनको धारणा रहेको थियो ।

फिल्मलाई नेपालमा डिसिएन, टि फक्स र रिच इन्टरटेनमेन्ट अनि भारतमा सुष्मा प्रोडक्सन र विश्वभर सेभेन सिजले वितरण गर्दैछन् ।

# जब विराट कोहलीले ‘कुटुमा कुटु’ गीतमा डान्स गरे




एसिया कप क्रिकेटअन्तर्गत सोमबार राति नेपाल र भारतबीचको खेल रोमाञ्चक रह्यो । साहसिक ब्याटिङमार्फत नेपालले भारतसामु चुनौती पेश गऱ्यो ।

श्रीलंकामा आयोजित उक्त प्रतिस्पर्धा केवल ‘खेल’मा मात्र सीमित रहेन । यो खेलको क्रममा मैदानमा देखिएका क्याजुअल दृश्यले नेपाली फ्यानलाई मोहित तुल्याए । नेपालले ब्याटिङ गरिरहँदा भारतले फिल्डिङ गरिरहेको थियो । त्यस क्रममा रंगशालामा चर्चित नेपाली गीत ‘कुटुमा कुटु सुपारी दाना’ समेत बजाइयो । उक्त गीतमा भारतीय क्रिकेटर विराट कोहलीले नृत्य गरेपछि यसले चर्चा बटुलेको छ ।

मंगलबार भारतीय अनलाइन पोर्टल हरुमा यो गीतमा विराटले गरेको डान्सले प्राथमिकता पाएको छ । टाइम्स अफ इन्डिया लगायतका मिडियाले नेपाली फिल्मको गीतमा विराटले गरेको डान्सलाई लिएर समाचार लेखेका छन् । ‘विराटले कहिल्यै पनि फ्यानसँग इन्गेज हुने मौका गुमाउँदैनन्,’ टाइम्स अफ इन्डियाले डान्सको क्लिप सेयर गर्दै लेखेको छ। विराटको यो डान्सलगत्तै नेपाली अभिनेता आसिफ शाहले लेखे, ‘दुई कुराले खुसी छु । टिम नेपालले २३० रन बनाउनु र विराट कोहलीले कुटुमा कुटुमा नाच्नु।’ फिल्म ‘दुई रुपियाँ’मा समावेश यो गीतमा अभिनेत्री स्वस्तिमा खड्का सँगै आसिफले पनि अभिनय समेत गरेका छन् ।


शुभकामना
विजया दशमी २०८०सालको

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिपक माझी
प्रोपाइटर एवम्
समाज कन्ट्रक्सन प्रा.लि.
परिवार, सिन्धुली

शुभकामना
विजया दशमी २०८० सालको

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मनोज जंग थापा
केन्द्रिय सदस्य एवम्
नेपाल कम्युनिष्ट पार्टी एमाले
केन्द्रिय समिति परिवार

अब घरमा चाहिने सम्पूर्ण सामानहरु एकै ठाउँमा
Opening time : 7 am to 8 pm
SINDHULI MART
कमलामाई न.पा.-६, रातमाटा, सिन्धुली
सम्पर्क नं.: ९८५४०४१५०५

9828889707
9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।

एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
द्वारा सञ्चालित एम्बुलेन्स गाडी
रमेश श्रेष्ठ
९८४४५०८०८२
९८१२१५४६२७

कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724
9811409291
9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ।


सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली): बिपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकार: केशवप्रसाद गौतम ई-मेल: news.pradesh@gmail.com, वेभ: www.epradeshkhabar.com मुद्रण: लालिगुरांस अफसेट प्रेस, सिन्धुली




सन्देश जनप्रिय

# वडादशैं विशेष






❖ वर्षः- २१ ❖ अङ्कः- १३ ❖ २०८० आश्विन २४ गते बुधबार(11 Oct 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-


# सिन्धुलीका नेताहरुले यसरी मनाउँदैछन् दशैं







**सिन्धुली**/ महंगी र कालोबजारीका बिच आउँदै गरेको नेपालीहरुको महान चाड वडादशैं उत्सवलाई सिन्धुलीका नेताहरुले आ आफ्नै तरिकाले मनाउँदै हुनुहुन्छ। घर घरमा जमरा राखेर प्रवेश हुँदै गरेको वडा दशैंको उत्सबसँगै सिन्धुलीका नेता हरुले दशैंलाई आ आफ्नै मौलिक परम्पारा अनुसार बनाउन लाग्नु भएको हो । गत वर्षको दशैंमा आफुभन्दा ठूलावडाको आर्शिवाद लिन र टिका लगाउने नाममामत मागेका नेताहरुले यस वर्ष भने राजनैतिक कुराकानी भन्दा इष्टमित्र र साथीभाईसँग बसेर दशैं उत्सव बनाउने योजना बनाएको एमालेका केन्द्रीय सदस्य एवम् सिन्धुलीका बौद्धिक नेताका रुपमा परिचित मनोजजंग थापाले बताउनु भयो ।

एमालेद्धारा सञ्चालित मिसन ८४ अभियान अर्न्तगत सिन्धुलीको कमलामाई नगरपालिकामा इन्चार्जका रुपमा खटिनुभएका मनोजजंग थापाले यस वर्षको दशैंको टिका बुबा र मुमाको हातबाट लगाउनु हुने भएको छ । सन्देश जनप्रिय साप्ताहिकले सिन्धुलीका केही नेता हरुलाई वडादशैं पर्व कसरी मनाउने योजना बनाउँदै हुनुहुन्छ भनेर सोधेको थियो । प्रस्तुत छ सोही कुराकानीको मुख्य अंशहरु ।

गत वर्ष निर्वाचन होमिएका कारणले दशैं जनताको दैलोमा मत माग्दै दशैं पर्व मनाएको स्मरणगर्दै यस वर्ष भने साथी भाई र इष्टमित्रसँग भेटघाट र रमाइलोगर्दै मनाइने बताउनुभयो ।

उहाँले वर्तमान सत्ता गठबन्धनका कारणले मूलुकको अर्थतन्त्र चरम संकटतर्फ अगाडि बढिरहेको र मंहगीले ढाड सेकिएको अवस्थामा मनाउन लागिएको दशैंलाई सम्पूर्ण सिन्धुलीवासीले तडक भडक नगरी सामान्य ढंगबाट मनाउन आग्रह गर्नुभयो ।

उहाँले अगाडि भन्नुभयोः गिर्दो अर्थतन्त्र, महंगी र कालोबजारीले आक्रान्त बनेका बेला मनाईंदै गरिएको चाडले तत्कालका लागि खुशी हुने र पछि पछुताउने अवस्था आउन दिनु हुन्न । दशैं असत्यमाथि सत्यको विजयका रुपमा मनाईने पर्व भएकाले बिरताको गौरवमय इतिहास बोकेको सिन्धुलीका बुबा, आमा, दाजु भाई तथा दिदी बहिनीलाई तथ्यका आधारमा सत्य स्थापितगर्दै जनविरोधी सरकारका विरुद्ध एकाकार हुने र गलत कामको भण्डाफोर गर्ने प्रेरणा मिलोस् भन्ने कामनासमेत गर्नुभएको छ ।

नेकपा एमालेका अर्का केन्द्रीयसदस्य विषमलाल अधिकारी दनुवारले दशैलाई घरको चार दिवार भित्रै बनाउने र विभिन्न पुस्तकहरु पढ्ने बताउनुभयो । उहाँले आफुभन्दा अग्रज दाई कुम्भलाल अधिकारी दनुवारको हातबाट टिका लगाउने, पुस्तकहरु पढ्ने र प्रविधीको अधिकतम् प्रयोग गर्ने बताउँदै आफ्नो गक्ष अनुसार सबै सिन्धुलीवासीलाई दशैं पर्व मनाउन सुझाब दिनुभयो । सबै दाजुभाई र परिवारका अन्य सदस्यहरु झण्डै ६० जना जतिको संयुक्त दशैं निकै रमाईलो एवम् उत्साहजनक हुने बताउनुभयो । विगत वर्षहरुमा काका बाउसँग जोडिएका सबै दाजुभाईले एकै ठाउँ बसेर दशैं मनाउने चलन थियो अहिले त्यो छोडेपछि पनि ६० जनाजतिले एकै ठाउँमा दशैं मनाउने उल्लेख गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) सिन्धुलीका कोअर्डिनेटर एवम् बरिष्ठ पत्रकार महेश्वर दाहालले भने ८० वर्षिया आमाको हातबाट टिका लगाउँदै हुनुहुन्छ । टिका लगाउने कुरालाई कहिल्यै पनि प्राथमिकतामा नराखेको बताउनुहुँदै नेता दाहालले अहिले सम्म बुबा इश्वरी दाहालले दशैंको टिका लगाईदिनु भएको आफुलाई जानकारी नभएको खुलासा गर्नुभयो। 'दशैं वा अन्य कुनै नाममा बुबाले रातो टिका आफैंले लगाउनु भएको वा हामीलाई लगाई दिनुभएको अहिलेसम्म थाहा छैन' नेता दाहालले भन्नुभयो। दशैंको टिका एउटा संझौतामात्रै भएको टिप्पणीगर्दै उहाँले लगाउँदा किन लाइस् र नलगाउँदा किन लाईनस् भन्ने कहिल्यै प्रश्न नउठेको उल्लेख गर्नुभयो ।

नेकपा एमाले सिन्धुलीका अध्यक्ष रामकुमार कार्कीले दशैं पर्वलाई घर परिवारका साथ सँगै बसेर मनाउने तयारी गरेको बताउनुभयो । उहाँले दशैंको समयमा सबै आफन्तजन, इष्टमित्र र साथीभाईको जम्माहुने, टिका लगाउने उल्लेख गर्नुभयो । विगत वर्षको दशैं निर्वाचन अभियानका क्रममा

● बाँकी ख पेजमा




विजया दशमी २०८०सालको

शुभकामना



नेपालीहरुको महान चाड विजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





प्रो. दिनेश कुमार महत्तो

एभरेष्ट वायर इन्डस्ट्री प्रा.लि. अल्फा वायर प्रा.लि.

करिश्मा इलेक्ट्रिकल कलश पेट्रोल पम्प अजात आयल स्टोर

देवी इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक फेब्रिकेशन प्रा.लि.

रिलायन्स केवल एण्ड वायर इन्डस्ट्री प्रा.लि. परिवार

# बडादशैं: खानपानलाई ख्याल गरौ

□ डा. ओममुर्ति अनिल



**रेष्टुरेन्टले सकेसम्म सस्तो दरमा खानेकुरा बनाउने गर्छन् । जुन स्वास्थ्यको लागि हानीकारक हुन्छ । रेष्टुरेन्टमा बढी तारेको वा डढेको खानेकुरा, जंकफुड र फास्टफुडले स्वास्थ्यमा हानी गर्छ । सकेसम्म रेसायुक्त तरकारी खाने बानी गर्नुपर्छ । चुरोट, रक्सी नखाने अत्याधिक चुरोट र रक्शी पिउने मानिसमा हृदयघातको खतरा बढी हुन्छ । त्यसैले समयमै यसबाट जोगिन सकेन भने हृदयघात र क्यान्सरको जोखिम उच्च हुने गर्छ । तनाव नलिने हरेक कुरामा असन्तुष्ट बढ्दै जानु र बढी तनाव लिने बानीका कारण स्वास्थ्यमा गम्भीर असर पर्छ । सकारात्मक कुराभन्दा बढी नकारात्मक कुरा सोचिरहने र ससानो कुरामा अनावश्यक चिन्ता लिने बानीले शरीरमा विभिन्न समस्या आउँछ ।**

हिन्दुहरुको महान पर्व बडा दशैंको आफ्नै महत्व छ । विशेषगरी खानपानकै लागि पनि प्रसिद्ध मानिने दशैंको बेला तपाई बडा दशैंको शुभकामना आदान प्रदान गर्ने यो जनामा व्यस्त हुनुहुन्छ होला । दशैंको बेला एकअर्काको समृद्धि र सुस्वास्थ्यको कामना व्यक्त गर्दै रमाइलो गर्ने भन्दै चुरोट, मासु र रक्सीको सेवन गरिरहनुभएको हुन सक्छ । जसले सुस्वास्थ्य होइन खराब स्वास्थ्य बनाउने काम गरिरहेको छ । दशैंलाई रमाइलोको लागि भन्दा पनि नराम्रो बानीलाई त्याग्ने नयाँ काम शुरु गर्ने उदेश्यका साथ मनाउनु राम्रो हुन्छ । यदि कसैको चुरोट, मासु र रक्सी सेवन गर्ने बानी छ भने दशैंको अवसरमा यसलाई छोड्ने प्रतिबद्धता गर्नुनैं उचित हुन्छ । खाने बानी छोड्न नसक्ने भन्दै कोही यसलाई आफ्नो बाध्यता ठान्छन्, जुन बिलकुल गलत हो । खानको लागि अनेक बहाना गर्नु भनेको उसले आफ्नो स्वास्थ्यलाई नै ढाँटिरहेको हुन्छ। सामान्यत: बिरामी नभइकन स्वास्थ्यलाई ध्यान दिने हाम्रो बानी छैन्। स्वास्थ्य बिग्रेर जटिल अवस्थामा पुगेपछि मात्रै पश्चाताप गर्नु बेकार हो । आर्थिक र पेशागत ब्यस्तता देखाउँदै प्राय: स्वास्थ्यलाई प्राथमिकता राख्न नसकेको बताउँछन् । आफ्नो स्वास्थ्यको सबैभन्दा जिम्मेवार व्यक्ति स्वयंम हो। कोही पोषणयुक्त खानाको लागि पैसा नभएको बहाना गर्छन् त कोही व्यापार वा रोजगारी का कारण नियमित व्यायाम गर्ने समय नभएको बताउँछन्। नियमित ब्यायाम अल्छि जीवनशैलीका कारण अहिले नसर्ने रोगको बिगबिगी छ । २० देखि ६० बर्ष उमेर समुहका व्यक्तिलाई नसर्ने रोग लाग्ने गरेको तथ्यांक छ। २४ घण्टामा एकघण्टा समय पनि आफ्नो स्वास्थ्यको लागि छुट्याउन सक्नुपर्छ। दैनिक आधाघण्टादेखि एकघण्टा नियमित व्यायाम गर्दा शरीर तन्दुरुस्त र स्वस्थ रहन्छ। खानपिनमा ध्यान दिने चाडबाडका अवसरमा प्राय:को बाहिर रेष्टुरेन्ट गएर खाने बानी हुन्छ । रेष्टुरेन्टले सकेसम्म सस्तो दरमा खानेकुरा बनाउने गर्छन्। जुन स्वास्थ्यको लागि हानीकारक हुन्छ। रेष्टुरेन्टमा बढी तारेको वा डढेको खानेकुरा, जंकफुड र फास्टफुडले स्वास्थ्यमा हानी गर्छ । सकेसम्म रेसायुक्त तरकारी खाने बानी गर्नुपर्छ। चुरोट, रक्सी नखाने अत्याधिक चुरोट र रक्शी पिउने मानिसमा हृदयघातको खतरा बढी हुन्छ । त्यसैले समयमै यसबाट जोगिन सकेन भने हृदयघात र क्यान्सरको जोखिम उच्च हुने गर्छ। तनाव नलिने हरेक कुरामा असन्तुष्ट बढ्दै जानु र बढी तनाव लिने बानीका कारण स्वास्थ्यमा गम्भीर असर पर्छ । सकारात्मक कुराभन्दा बढी नकारात्मक कुरा सोचिरहने र ससानो कुरामा अनावश्यक चिन्ता लिने बानीले शरीरमा विभिन्न समस्या आउँछ। अरुको यस्तो प्रगति भइसक्यो आफ्नो भने केही छैन् भन्दै आफूलाई कमजोर सोच्ने बानीले जीवनमा तनाव बढाउँछ । बढी तनावका कारण अनिद्राको समस्या हुँदा शरीरलाई हानी गर्छ। मनलाई शान्त बनाउन समय समयमा ध्यान भावनाको पनि ठूलो महत्व हुन्छ । हाँस्ने बानीले पनि शरीर स्वस्थ राख्न मद्दत गर्नेछ।

**सिन्धुलीका .........**

मनाएको स्मरणगर्दै उहाँले वडा दशैंमा फजुलखर्च नगर्न सिन्धुली वासीलाई आग्रह गर्नुभयो ।

नेकपा एमाले बाग्मती प्रदेश कमिटी सदस्य एवम् युवा नेता विनोदकुमार खड्काले दशैं असत्यमाथि सत्यको बिजय भएकाले पनि साँस्कृतिक पर्वका रुपमा मनाउने बताउनुभयो। आफन्तजन, साथीभाई र इष्टमित्र जम्मा भएर मनाउने दशैंलाई र माइलो बनाउने नाममा गरिने तडक भडकले थेग्नै नसक्ने अवस्थामा पुर्याएको बताउँदै आफ्नो मौलिक परम्पारा र धान्न र टार्न सकिने गरी कम खर्चमा मनाउन सिन्धुलीका नागरिकलाई सुझाव दिनुभयो ।

सिन्धुलीका एमाले नेता खड्ग खत्रीले यस वर्षको बडा दशैंमा आमाको हातबाट टिका लगाउने बताउनुभयो। उहाँले अत्यन्त सामान्य ढंगले आफ्नै घरमा बसेर मनाउने र विगत देखीनै चल्दै आएको रिती रिवाज, चाडवाड र धर्म संस्कृतिको संरक्षणगर्दै तडक भडक नगरीकन सामान्य ढंगले मनाउन अपील गर्नु भएको छ । दशैंका क्रममा आफन्त एवम् मान्यजन बाट टिका ग्रहण गर्ने र घरमा आफन्त मानेर वा संझेर आउनेलाई टिका लगाईदिने संस्कृति लाई यस पटक निरन्तरता दिने बताउनुभयो ।

त्यसैगरी एमाले वाग्मती कमिटी सदस्यप्रदीप कटुवाल पनि दशैंलाई सामान्य रुपमा मनाउने बताउनुभयो। विगतमा निर्वाचन अभियानकै क्रममा दशैं मनाएको स्मरणगर्दै दशैंलाई मर्यादित र साँस्कृतिक पर्वका रुपमामनाउन सुझाव दिनुभयो । त्यसैगरी नेपाली कांग्रेस सिन्धुलीका नेता दीपक घिमिरेले यस वर्ष टिका लगाउनु हुने छैन। अघिल्लो दशैंमा आमाको हातबाट टिका र आर्शिवचनलिएर मनाउनुभए पनि यस वर्ष आमाको निधन भएकाले दशैंका सबै कार्यक्रम स्थगन भएको हो । त्यसैले पनि यस वर्ष दशैंको अबसर पारेर भारतको केरला भ्रमणका निस्कने बताउनुभयो। दशैं अगाडिसम्म पार्टीको राजनैतिक प्रशिक्षण र चियापान कार्यक्रमहरु रहेकाले बागमती प्रदेशको असोज ३० भक्तपुरको कार्यक्रमपछि केही दिन घरमा छोराहरुसँग बसेर केरला घुम्न जाने योजना बनाएको जानकारी उहाँले जिल्लाबासी सबै लाई आफ्नो गच्छे अनुसार खर्चिलो र भकिलो नगरी चाडपर्व मनाउन आह्वान गर्नुभएको छ । उहाँले विजया दशमीको उपलक्ष्यमा जिल्ला बासीलाई शुभकामना सन्देश पनि दिनुभएको छ।


विजया दशमी २०८०सालको
शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कर्ण घिसिङ
वडाध्यक्ष एवम्
कमलामाई नगरपालिका
वडा नं. ७ परिवार, सिन्धुली



विजया दशमी २०८०सालको
शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भरत पोखरेल
बागमती प्रदेश कमिटि सदस्य एवम्
नेपाल कम्युनिष्ट पार्टी एमाले
परिवार, सिन्धुली



विजया दशमी २०८०सालको
शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा प्राध्यापक, अध्ययनरत विद्यार्थीहरु, अभिभावक एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खड्ग बहादुर खत्री
अध्यक्ष
एवम्
राहुल सिंह
कोअर्डिनेटर
सिद्धबाबा +२ म्यानेजमेन्ट
परिवार, धुराफाँट, सिन्धुली



विजया दशमी २०८०सालको
शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा प्राध्यापक, अध्ययनरत विद्यार्थीहरु, अभिभावक एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिल बहादुर केसी
क्याम्पस प्रमुख एवम्
गौमती बहुमुखी क्याम्पस
परिवार, माढीबजार, सिन्धुली

# आफ्नै घरमा परम्परा अनुसारनैं दशैं मनाउँछौं

**सिन्धुली**/कमलामाई नगरपालिकाका नगरप्रमुख एवम् नेपाली कांग्रेस सिन्धुलीका सभापति उपेन्द्रकुमार पोखरेलले यस वर्ष ५४ वर्षीय माइलो दाईको हातबाट दशैंको टिका लगाउनु हुने भएको छ।

सन्देश जनप्रियसँगको कुराकानीमा नगरप्रमुख पोखरेलले आफन्तजन र साथीभाईसँग सदाचारी भएको दशैं पर्व मनाउने बताउँदै घरमा टिका लगाएर सर्लाहीको इश्वरपुरमा रहेको ससुरालीमा पनि टिका लगाउन जाने उल्लेख गर्नुभयो।

यस वर्ष सिंगो मुलुकनैं आर्थिक मन्दीमा फसेकाले देखासेखीमा होइन, सदाचारी भएर दशैं पर्व मनाउन म सिन्धुलीवासीलाई आग्रह गर्दछु, पोखरेलले भन्नुभयो। हाम्रो साँस्कृतिक र धार्मिक परम्परालाई यस वर्ष धान्नेगरी दशैं पर्व मनाउनु पर्छ, किनकी अहिले समग्र मुलुकनैं आर्थिक ससंकटमा फसेका बेला सबैले मितव्ययी बन्नै पर्छ, होइन भने देखासेखीमा लागियो भने पछि पछुताउनु पर्ने अबस्था आउनसक्छ, उहाँले अगाडि भन्नुभयो।







त्यसैगरी कमलामाई नगरपालिकाकी उपप्रमुख एवम् नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य मञ्जु देवकोटाले रमेश दाईको हातबाट साइतको टिका लगाउने र त्यसपछि जन्म दिने ७२ वर्षीय बुबा र आमाको हातबाट टिका लगाउने बताउनु भएको छ। अघिल्लो वर्षको दशैं निर्वाचनका कारणले रमाइलो साथ मनाउन नपाएको बताउँदै यस वर्ष इष्टमित्र, साथी भाई र परिवारका सदस्यका साथ बसेर रमाइलोसँग मनाउने आफ्नो योजना रहेको उपप्रमुख देवकोटाले बताउनुभयो।

विगत वर्षहरुमाझैं यस वर्ष पनि घरमा टिका लगाउन आउँने इष्टमित्र र पार्टीका साथी भाईलाई टिका लगाईदिने बताउँदै उहाँले दशैंको खर्चभने न्यून गरिने उल्लेख गर्नुभयो। आफ्नै उत्पादन केही पनि नभएकाले खसी लगायतका खाद्यान्नहरु किने पनि दक्षिणामा भने थोरै रकम मात्रै खर्च गर्ने आफ्नो योजना रहेको बताउनुभयो।

पछिल्लो समय दशैंमात्रै होइन अन्य चाडपर्वहरु पनि खर्चिलो र भड्किलो बन्दै गइरहेको बताउँदै दशैं मनाउन साहु महाजनबाट ऋण लिने र पछि पछुताउँदै बस्नु पर्ने अबस्थालाई ख्याल गर्न नगर उपप्रमुख देवकोटाले समस्त नगरवासीमा अपील गर्नुभएको छ। उहाँले विजया दशमीको उपलक्ष्यमा नव दुर्गाले सम्पुर्ण बुबा, आमा दाजुभाई तथा दिदीबहिनीमा सुख शान्ति, सम्बृद्धि र प्रगतिको मार्ग प्रशस्त गरुन भन्दै शुभकामना व्यक्त गर्नुभएको छ।

त्यस्तै नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सूर्यप्रसाद दाहालले यस वर्षको दशैं रौतहटको चन्द्रपुर नगरपालिका ९ स्थित आफ्नै घरमा मनाउनु हुने भएको छ। सिन्धुलीकै स्थानीय बासिन्दासमेत रहनुभएका दाहालको ८२ वर्षीया आमा रौतहटमैं बस्नुहुने भएकाले उहाँका हातबाट टिका ग्रहण गर्ने बताउनुभयो।

असत्यमाथि सत्यको विजयको रुपमा, आपसी भाइचारा र सद्भावका रुपमा हर्षोल्लसाका रुपमा मनाइने वडादशैं पर्वले सबै नेपालीलाई एउटै मालामा गाँसेको प्रसंग उल्लेखगर्दै दाहालले पाँच दाजु भाई र २ दिदी बहिनीका साथ दशैं मनाउन लागिएको जानकारी दिनुभयो।

इष्टमित्र, भान्जाभान्जी एवम् आफन्तजन र सबैजना जम्मा हुने मुल घर भएकाले पनि दशैं निकै रमाइलो र हर्षोल्लासपूर्ण हुने बताउनुभयो।

आर्थिक संकटले अहिले सबैतिर समस्या सिर्जना गरेका बेला दशैं पर्व बनाउने क्रममा गरिने तडकभडक पछि थप बोझ बन्न नहुने बताउँदै उहाँले पर्वलाई आफ्नो आर्थिक अबस्था अनुसार मनाउन सुझाव पनि दिनुभयो। **-उद्धव श्रेष्ठ**


विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मुकुन्द प्रसाद पौडेल
वडाध्यक्ष एवम्
तीनपाटन गाउँपालिका
वडा नं. २ परिवार, सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

लाल बहादुर स्याङतान
वडाध्यक्ष एवम्
तीनपाटन गाउँपालिका
वडा नं. ३ परिवार, सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अरुण कट्टेल
समाजसेवी एवम्
समस्त कट्टेल परिवार
सिन्धुली



विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा शिक्षक, अध्ययनरत विद्यार्थीहरु, अभिभावक एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गणेश चौलागाई
प्रधानाध्यापक एवम्
श्री जनज्याति प्राथमिक विद्यालय
परिवार, गुम्बाचौर बेल्टार, सिन्धुली

# दशैंमा बढ्दैछ फजुल खर्च

□ पवन राउत

**अनावश्यक रुपमा अर्कालाई देखाउन खसीबोका किन्नु हुँदैन । लुगाको कुनै खाँचो छैन भने जबरजस्ती नयाँ लुगा किन्नु हुँदैन । बरु दशैंको दक्षिणाका रुपमा स्कुल र कलेजका लागि आवश्यक सामग्री खरिद गर्न सकिन्छ । घरमा आवश्यक भएको वस्तु खरिद गर्न सकिन्छ । थोत्रिएको सामान हटाएर नयाँ वस्तु खरिद गर्न सकिन्छ ।**

कमलामाई नगरपालिका ५ सिलामेकी नन्दमायाँ विक (४७) लाई आउँदै गरेको दशैं पर्वले निकै सताउन थालेको छ । आफ्ना तीन सन्तान लाई नयाँ लुगा किन्न र टिकारी खर्च जुटाउन उनका लागि निकै ठूलो सकस परिरहेको छ । घरमा रहेको एउटा राँगा दशैंमा बेच्न पाए आफ्नो दशैंको गर्जो टर्ने बताउँदै आएकी उनको घरमा अहिलेसम्म राँगा किन्ने गाहाकी आएकै छैन । उनी भन्छिन्: दशैं त आयो तर दशैं खर्च धान्नका लागि आवश्यक पर्ने र कमनैं नहुँदा समस्या परिरहेको छ ।

नन्दमायाँ एक प्रतिनिधी पात्र मात्रै हुन् । उनीजस्तै दशैंको गर्जो कसरी टार्ने भनेर चिन्तित हुनेहरुको संख्या निकै ठूलो छ सिन्धुलीमा । आर्थिक रुपमा कमजोर मानिसले दशैंलाई दशाको रुपमा पनि बुझ्ने गरेका छन् । यसर्थ आफ्नो आर्थिक हैसियत अनुसार यस पर्वलाई मनाउनु पर्छ । अर्काको देखासिकी गरेर फजुल खर्च गर्नु हुँदैन ।

अनावश्यक रुपमा अर्कालाई देखाउन खसीबोका किन्नु हुँदैन । लुगाको कुनै खाँचो छैन भने जबरजस्ती नयाँ लुगा किन्नु हुँदैन । बरु दशैंको दक्षिणाका रुपमा स्कुल र कलेजका लागि आवश्यक सामग्री खरिद गर्न सकिन्छ । घरमा आवश्यक भएको वस्तु खरिद गर्न सकिन्छ । थोत्रिएको सामान हटाएर नयाँ वस्तु खरिद गर्न सकिन्छ ।

**बोझ बन्दै दक्षिणा**

दशैंको दक्षिणाका विषयमा व्यवहारिक हुनुपर्छ तर पछिल्लो समय त्यो देखासिकीले गर्दा झन बोझिलो बन्न थालेको छ । हामीले दशैंमा आर्थिक रुपमा सक्षम ज्वाइँ छोरी वा भान्जा भान्जी वा दिदी बहिनीलाई ठूलो रकम दक्षिणामा दिने कुरालाई बन्देज लगाउन सक्नु पर्छ ।

दशैंमा आर्शीवाद दिने हो । कोशेली दिने होइन । आफूसँग जे छ, सोही चिज उपहार दिने हो । यसअनुसार खेती किसानी गर्नेले उपहारमा हरियो तरकारी, दही दूध दिनुपर्छ । लेखकले किताब उपहार दिए हुन्छ । गायकले सिडी उपहार दिन सक्छन् । कलाकारले आफ्नो पेन्टिङ दिन सक्छन् । उद्यमीले आफ्नो उद्योगको उत्पादन उपहारमा दिन सकिन्छ । यथार्थमा दशैंमा पाका मानिसबाट आर्शीवाद लिने हो, दक्षिणा लिने होइन । ज्येष्ठ नागरिकको हातबाट टीका लगाउन पाएकोमा गर्वको अनुभव गर्नुपर्छ ।

**जेष्ठ नागरिकलाई उपहार** !

दशैंमा ज्येष्ठ नागरिकलाई पैसा होइन, उहाँहरुका लागि आवश्यक केही उपहार दिन सकिन्छ । उहाँहरूलाई आवश्यकतानुसार लौरो, टर्च वा त्यस्तै कुराहरु उपहार दिनुपर्छ । उपहारमा हट ब्याग पनि राम्रो उपहार हुन सक्छ । थर्मस अर्को दामी उपहार हो ।

यसै गरी गम्छा, गलबन्दी र पछ्यौरी उपहार दिएर आमाबासँग आर्शीवाद लिन सकिन्छ । उहाँहरूलाई सुगरफ्री बिस्कुट दिनुपर्छ । काजु किसमिसको सफा प्याकेट दिन सकिन्छ । देवी देवताका फ्रेम हालेका तस्वीर दिन सकिन्छ । नेपाल चिनाउने पोस्टर लाई माउन्ट गरेर उपहार दिन सकिन्छ । यो उमेरमा रेडियो पनि राम्रो उपहार हुन्छ ।

दशैंका पाहूनालाई नेपालभित्रकै अर्गानिक उत्पादनका बस्तुको परिकार खुवाउन सकिन्छ हामी दशैंमा पाहुनालाई जबरजस्ती रुपमा बासी मासु खुवाउँछौं । सबैतिर सुगर रोग फैलिए पनि मिठाई दिन पछि पर्दैनौं । नाइँनाइँ भने पनि जनावरको आन्द्राभुँडी चखाउन खोज्छौं ।

यसबाट पाहूनाले हामीलाई स्याबास होइनन्, बिरामी भएर धारे हात लाउँनेछन् भन्ने कुराको हेक्का राख्न जरुरी छ ।

# थोरै खर्चमा दशैं मनाऔं



## खड्गध्वज कार्की

आउँदै गरेको २०८० सालको वडादशैंको उपलक्ष्यमा समस्त नेपालीहरुमा शुख शान्ति र सम्बृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । यतिबेला सिंगो राज्यनैं आर्थिक संकटमा परेका बेला हामीहरुपनि त्यसको चपेटामा नपर्ने भन्ने कुरै भएन । त्यसैले विगत वर्षहरुमा जस्तो खर्चिलो दशैं यसपटक मनाउने योजना छैन । विगत वर्षमा १४ धार्निको खसी घर मा काटिन्थ्यो भने यस पटक ८ धार्नीको खसी किनेर राखेको छु । जतिसुकै समस्याहरु भएपनि हाम्रो महान चाडपर्व भएकाले हाँसी खुशीका साथ रमाइलो गरेर मनाउनु पर्छ ।

मेरो घरमा ७२ वर्षकी आमा हुनुहुन्छ । उहाँको हातबाट आशिष र टिका थाप्ने छु । घरमा बहिनी ज्वाई र भान्जाभान्जीहरु आउनुहुने भएकाले पनि रमाइलोसँग दशैं मनाउने यो जना बनाएको छु । आर्थिक संकट भएका बेला हामीहरु सबैले थोरै खर्चमा चाडपर्वहरु मनाउन म सबै लाई आग्रह पनि गर्दछु ।

(लेखक: कमलामाई नगरपालिका वडा नं. ६ का वडासदस्य हुनुहुन्छ )

विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा शिक्षक, अध्ययनरत विद्यार्थीहरु, अभिभावक एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजय तामाङ
प्रधानाध्यापक एवम्
नवज्योति बहिरा माध्यमिक विद्यालय
परिवार, जसेदमार, सिन्धुली

विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा शिक्षक, अध्ययनरत विद्यार्थीहरु, अभिभावक एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निर प्रसाद अधिकारी
प्रधानाध्यापक एवम्
कालिका माध्यमिक विद्यालय
परिवार, पल्लोरामपुर, सिन्धुली

विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा शिक्षक, अध्ययनरत विद्यार्थीहरु, अभिभावक एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिपक बुढाथोकी
प्रधानाध्यापक एवम्
श्री गौमती माध्यमिक विद्यालय
परिवार, माढीबजार, सिन्धुली

विजया दशमी २०८०सालको शुभकामना

नेपालीहरुको महान चाड विजया दशमी २०८० को अवसरमा बुबा, आमा, दाजु भाई, एवम् समस्त नेपालीको घर आँगनमा शुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

घनश्याम देवकोटा
अध्यक्ष एवम्
सिद्धेश्वर खानेपानी तथा सरसफाई
उपभोक्ता संस्था परिवार